म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १११ शुक्रबार १५ मंसिर २०८० ने. सं. ११४४ कछलागा 1 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बुद्धचोकमा १९ जनाद्वारा रक्तदान

हेटौंडा, १४ मंसिर/हेटौंडामा लैंगिकहिंसाविरुद्धको १६ दिने अभियान तथा ३२ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश समितिको आयोजनामा बुद्धचोकमा बिहीबार भएको रक्तदान कार्यक्रममा १९ जनाले रगत दिएका छन् । समितिले अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा यसअघि विभिन्न कार्यक्रमको आयोजना गरेको थियो ।

सोमबारबाट सुरु भएको साताव्यापी कार्यक्रमअन्तर्गत आज मंसिर १५ गते शुक्रबार युएनसीआरपीडी र एसडीजीको अन्तर सम्बन्ध विषयमा अभिमुखीकरण, मंसिर १६ गते दीपप्रज्वलन र डिसेम्बर ३ अर्थात मंसिर १७ गते अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको दिन र्‍यालीसहित कोणसभा र पुरस्कार वितरण कार्यक्रम राखिएको छ ।

# निकुञ्जभित्र दुई गैंडा मारेको आरोपमा मकवानपुरका पाँचजना पक्राउ

## योजनाकार ३ जना नै मकवानपुरका

साझाकुरा संवाददाता



हेटौंडा, १४ मंसिर/ चितवन राष्ट्रिय निकुञ्जभित्र खाल्डो खनेर पासो थापी दुईवटा गैंडा मारेको आरोपमा मकवानपुरका पाँच जनासहित ८ जना पक्राउ परेका छन् ।

गैंडा मारिएको घटनाका मुख्य योजनाकार मकवानपुरकै दुईजना रहेको निकुञ्जले बिहीवार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । निकुञ्जको पूर्वी क्षेत्रमा पर्ने चपरचुली सुरक्षाचौकीबाट दुई किलोमिटर दक्षिण-पूर्वतर्फ कात्तिक ३० गते खाल्डोमा पारेर दुईवटा गैंडा मारिएको घटनाका आरोपितलाई खागसहित पक्राउ गरिएको हो । अन्दाजी १८ र ६ वर्षका पोथी गैंडा मारिएपछि निकुञ्ज प्रशासन, नेपाली सेना र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले तस्कर पक्राउ गर्न विशेष मिसन बनाएर खटिएको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. सिन्धुप्रसाद ढुंगानाको उपस्थितिमा आरोपित ८ जनालाई सार्वजनिक गरिएको हो । खाग बिक्री गर्न ग्राहक खोजिरहेको अवस्थामा चितवनको राप्ती नगर पालिकाको वडा नम्बर ५ र ६ को क्षेत्रबाट उनीहरुलाई पक्राउ गरिएको महानिर्देशक ढुंगानाले जानकारी दिए । घटनाको मुख्य योजनाकारको रुपमा ३३ वर्षका रमेश खाती र थिङ बाजे भनिने ५६ वर्षका सीताराम थिङ रहेको दाबी गरिएको छ । खाती र थिङ दुवै मकवानपुरका हुन् । हेटौंडा उपमहानगरपालिका-३ लेबट घर भएका खातीलाई प्रहरीले ९ मंसिरमा चितवनको राप्ती-६ बाट पक्राउ गरेको थियो ।

खाती यसअघि पनि गैंडा शिकारको अभियोगमा मुछिएका व्यक्ति हुन् । विगतमा एकपटक गैंडा शिकारकै अभियोगमा सोधपुछको लागि निकुञ्ज लगिए पनि अपराधमा संलग्न भएको प्रमाण नभएकोले खाती माथि अभियोजन प्रक्रिया अघि नबढेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जापुनले बताए । योजनाकार मध्येका अर्का थिङ, मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका-६ नयाँबस्तीका हुन् । उनलाई राप्ती नगरपालिका-६ क्षेत्रबाट नै पक्राउ गरिएको थियो ।

गैंडाको खाग बिक्रीमा सहयोग गरेको आरोपमा ४४ वर्षका शमशेर थिङ पक्राउ परे । मकवानपुरगढी-९ घर भई हेटौंडा उपमहानगरपालिका-४ बस्दै आएका थिङलाई पनि राप्ती-६ बाटै पक्राउ गरिएको निकुञ्जले जानकारी दिएको छ । थिङ पनि गैंडा मार्ने योजनाकारमध्ये एक भएको निकुञ्जले जनाएको छ । हेटौंडा उपमहानगरपालिका-५ का २८ वर्षका अर्जुन रोक्का पनि राप्ती-६ बाटै पक्राउ परेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत पुनले बताए । गैंडा शिकार गरेको आरोपमै मनहरी गाउँपालिका-७ ज्यामिरे घर भई चितवनको माडी-९ बाँदरझुला बस्दै आएका ५६ वर्षीय ईन्द्रबहादुर तामाङ राप्ती-५ बाट ११ मंसिरमा पक्राउ परेका छन् ।

यसैगरी, मकवानपुरका पाँच जनासहित गैंडा शिकारको आरोपमै ४२ वर्षका पासाङ भन्ने आइतसिंह मोक्तानलाई पक्राउ गरिएको छ । चितवन राप्ती-११ थाकलटार घर भएका मोक्तान पनि राप्ती-६ बाटै पक्राउ परेका हुन् । पक्राउ पर्नेमा भरतपुर महानगर पालिका-११ का घले भन्ने ७७ वर्षका धनबहादुर गुरुङ पनि छन् । राप्ती-११ बस्ने ४० वर्षका उनबहादुर स्याङतानलाई राप्ती-५ बाट पक्राउ गरिएको थियो । उनी गैंडा शिकार अभियोगमा पक्राउ परेका हुन् । पक्राउ परेका सबैलाई जिल्ला अदालत चितवनबाट म्याद थपभई अनुसन्धान प्रक्रिया अघि बढाइएको निकुञ्जले जानकारी दिइएको छ । गैंडा शिकार मुद्दामा अपराध पुष्टि भएमा १० लाख रुपैयाँसम्म जरिवाना र १५ वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था रहेको छ ।

निकुञ्जको चपरचुली सुरक्षापोष्टको ३ किलोमिटरको मात्रै दुरीमा रहेको गैंडा मारिएको क्षेत्रमा तस्कर समूहले २० दिन बिताएको अनुसन्धानबाट खुलेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान विभागको प्राविधिक टोलीले २० दिनसम्म तस्करको टोली जंगलमै बास बसेको जनाएको छ । आरोपितहरुको साथबाट ४ सय ८० ग्राम र ६० ग्राम तौलको दुई थान खाग बरामद गरेको छ । उनीहरुको साथबाट कालो झोला, भरुवा बन्दुक, बिँड भएको बञ्चरो, चक्कु, भरुवा बन्दुकमा प्रयोग हुने फलामको टुक्रा, गुलेली, टर्च लाइट, कालो झोला, घरमा बनाएको झोला, डेक्ची, पटाका बारुद, ब्ल्यांकेट र दुई थान पल्सर मोटरसाइकल बरामद गरिएको छ ।

उनीहरुले एक किलो मिटरको दुरीमा सातवटा खाल्डा बनाएको भेटिएको छ । केही पर मचान जस्तो बनाइ बसेको, चाउचाउ, पानी खाएका खोलहरु समेत भेटिएको थियो । सातवटा खाडल खनेर चोरी शिकारी प्रक्रिया पूरा गर्न तस्करहरुले करिब महिना दिन बिताउँदासमेत निकुञ्ज प्रशासनले थाहा नपाउनु कमजोरी भएको महानिर्देशक ढुंगानाले स्वीकार गरेका छन् । उनले निकुञ्जका सुरक्षामा रहेका कर्मचारी बिदामा घर गएको मौका छोपी गैंडा तस्करले चोरी सिकारी गरेको बताए ।

सशस्त्र द्वन्द्वको समयमा देशभर एकै वर्षमा ३८ वटासम्म संरक्षित जनावर गैंडा तस्करले मारेको तथ्यांक छ । विगतका वर्षमा वन्यजन्तु चोरी शिकारी घटेको निकुञ्जको तथ्यांकले देखाउँछ । कतिपय वर्षमा निकुञ्जले शून्य चोरी सिकार वर्ष पनि मनाएको थियो । गतवर्ष दुईवटा गैंडा सिकारीले मारेको निकुञ्जले जनाएको छ । चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो गणनाअनुसार ६ सय ९४ गैंडा रहेका छन् । नेपालमा सात सय ५२ गैंडा छन् । चितवन राष्ट्रिय निकुञ्ज मकवानपुरको मनहरी गाउँपालिकासम्मै फैलिएको छ ।

# बागमती पराजित, मकवानपुरे दुई क्रिकेटरले ११ रन मात्रै जोडे

साझाकुरा संवाददाता



हेटौंडा, १४ मंसिर/ मकवानपुरका ४ क्रिकेटर समावेश सन्दीप लामिछाने नेतृत्वको बागमती प्रदेश टिम पोखरामा जारी केपी ओली कप टी-२० क्रिकेट प्रतियोगिताबाट बाहिरिएको छ ।

बागमती बिहीवार त्रिभुवन आर्मी क्लबसँग सेमिफाइनलमा पराजित भएको हो । टस जितेर सुरुवाती ब्याटिङ रोजेको बागमती आर्मीसँग ४ विकेटले हारेको हो । बागमतीले दिएको १२८ रनको लक्ष्य आर्मीले ६ विकेटको क्षतिमा १५ ओभरमै पूरा गर्‍यो । आर्मीको जितमा भीम सार्कीले ३९ रन र सोमपाल कामीले नटआउट १४ रन जोडे । भीमले ३५ बलमा ५ चौका तथा सोमपालले १२ बलमा १ छक्का प्रहार गरे । कुशल मल्लले ८ बलमा ४ छक्का प्रहार गर्दै २७ रन बनाए ।

आर्मीका कप्तान विनोद भण्डारीले १२ बलमा ३ चौका र २ छक्काको मद्दतमा २५ रन जोड्दा अरु ब्याटर दोहोरो अंकमा रन नजोड्दै आउट भए । बलिङमा बागमतीमा कप्तान सन्दीप लामिछानेले २ विकेट हात पारे । त्यसअघि पोखरा क्रिकेटमैदानमा टस जितेर पहिले ब्याटिङ गरेको बागमतीले ७ विकेटको क्षतिमा १ सय २७ रन मात्र जोड्न सक्यो । खराब ब्याटिङ गरेको बागमतीका लागि प्रतीक श्रेष्ठको नटआउट ५० रन महत्वपूर्ण सावित भयो । उनले ३५ बलमा ३ चौका र ४ छक्का प्रहार गरेका थिए ।

मकवानपुरका दुई क्रिकेटरले जम्मा ११ रन मात्रै जोडे । ओपनर मकवानपुरका शुभ कंसाकारले ३ रन र मकवानपुरकै गौरव खड्काले ८ रन मात्रै बनाउन सके । यसैगरी, रित गौतम १४, इशान पाण्डे १२ रन र रोशन विक १ रनमा आउट हुँदा बागतमीले १०.१ ओभरमा ४४ रन जोड्दा महत्वपूर्ण ५ विकेट गुमाएको थियो । प्रतिश जिसी पनि शून्यमा आउट हुँदा कप्तान सन्दीप लामिछानेले २२ बलमा १९ रनको योगदान गरे । बलिङमा आर्मीका शाहब अलामाले ४ विकेट लिए । सोमपाल कामी २ विकेट लिए भने विवेक यादवले १ विकेट हात पारे ।

बिहीवार नै सशस्त्र प्रहरीको एपीएफ क्लबलाई हराउँदै मधेस प्रदेश केपी ओली कपको फाइनलमा पुगेको छ । बिहीवार भएको दोस्रो सेमिफाइनलमा एपीएफलाई ११ रनले पराजित गर्दै मधेस प्रदेश फाइनलमा प्रवेश गरेको हो । मधेसले दिएको १९८ रनको विशाल लक्ष्य पछ्याएको एपीएफले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १८४ रनमात्र बनाउन सक्यो । टस जितेर पहिले ब्याटिङ गरेको मधेसले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १९७ रन बनाएको थियो ।

# हेटौंडामा त्रैमासिक समन्वयात्मक बैठक

हेटौंडा, १४ मंसिर/ सामुदायिक वन समूहले गर्ने विभिन्न कार्यको बारेमा जानकारी दिने उद्देश्यका साथ बिहीवार हेटौंडामा त्रैमासिक समन्वयात्मक बैठक भएको छ ।

सव डिभिजन वन कार्यालय, हेटौंडाको आयोजनामा बैठक बसेको हो । बैठकमा सव डिभिजन वन कार्यालय, हेटौंडाका प्रमुख रामचन्द्र श्रेष्ठले सहजीकरण गरेका थिए । बैठकमा काठ दाउरा संकलन, साधारणसभा, वन संरक्षण, सम्वर्द्धन, थिनिङ, चोरीनिकासी नियन्त्रण, योजना तर्जुमा गोष्ठी, विधान कार्ययोजना नवीकरणलगायतका विषयमा छलफल गरिएको थियो ।

बैठकले सामुदायिक वन समूहले मंसिर मसान्तसम्ममा साधारणसभा गरिसक्ने, समयमै वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने, रानी, पिप्लेपोखरा, रातोमाटे, शिखर पानीलगायतका सामुदायिक वनमा थिनिङ कार्य गर्ने, चुरेक्षेत्रमा अत्यधिका मात्रमा गिटी, बालुवा, वनपैदावारलगायत क्रियाकलाप बढ्दै गैरहेको हुँदा नियन्त्रणका लागि समिति गठन गर्ने, योजना तर्जुमा गोष्ठी पुस ६ गते गर्ने लगायत निर्णय गरेको फरेष्टर यदुकुमार घिमिरेले बताए ।

बैठकमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालका केन्द्रीय सदस्य रामहरि चौलागाई, जिल्ला अध्यक्ष साधुराम चौलागाई, विभिन्न सामुदायिक वनका पदाधिकारी, कर्मचारीको उपस्थिति रहेको थियो ।

# मोटरसाइकल दुर्घटनामा एकै परिवार का तीन जनाको मृत्यु





साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ मकवानपुरगढी गाउँपालिका-२ धवाडीपुलस्थित भित्रि सडकमा बिहीवार मोटरसाइकल दुर्घटना हुँदा एकै परिवारका तीनजनाको मृत्यु भएको छ ।

७ नम्बर वडाको सुकौराबाट कान्तिलोकपथतर्फ आउँदै गरेको प्रदेश ३-०२-०१२ प ६९११ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकबाट १०/१२ मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । दुर्घटनामा परी मोटर साइकल चालक मकवानपुरगढी-२ कुर्लेपाखा बस्ने अन्दाजी ३५ वर्षीय भीमबहादुर स्याङतानसहित उनको श्रीमती र ५ महिनाको शिशु (छोरी)को पनि मृत्यु भएको छ ।

भीमबहादुरलाई दुर्घटनाबाट टाउकोमा चोट लागि गम्भिर घाइते भएपछि हेटौंडा अस्पताल लगिएको थियो । उनको हेटौंडा अस्पतालमा उपचार सम्भवन नभएपछि पुरानो मेडिकल कलेज भरतपुर चितवन पठाइएको थियो । मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीका अनुसार भीमबहादुरलाई चितवन लैजाने क्रममा बिहीवार सवा ४ बजे बाटोमै मृत्यु भएको छ ।

मोटरसाइकलमा सवार अन्दाजी ३४ वर्षीया रुपा स्याङतानको घटनास्थलमा मृत्यु भएको डिएसपी भण्डारीले जानकारी दिए । मोटर साइकलमा सवार अन्दाजी ५ महिनाको छोरीको पनि घटनास्थलमै मृत्यु भएको थियो ।

# चौथो थाहा महोत्सव सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ हेटौंडा, थाहा नगरपालिकामा विहीबारबाट कृषि, पर्यटन व्यापार मेला-चौथो थाहा महोत्सव सुरु भएको छ । थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मरट्टेलले थाहा महोत्सवको उद्घाटन गरेका हुन् ।

कार्यक्रममा मुख्यमन्त्री जम्मरकट्टेलले प्रदेश सरकारले कृषिक्षेत्रको रुपान्तरणका लागि समुदायमा आधारित अनुदान कार्यक्रम लागू गर्ने तयारी गरिरहेको बताए । कृषिक्षेत्रमा आवद्ध कृषकलाई लक्षित गरी पकेटक्षेत्र घोषणा गरेर अनुदान तथा उत्पादनका कार्यक्रम कार्यान्वयन गर्ने तयारी सरकारले गरेको उनको भनाई थियो ।

प्रदेश सरकारले स्थानीय तहको सिफारिसका आधारमा बागमती प्रदेशमा ८५ वटा पकेटक्षेत्र घोषणाको तयारी गरेको उनले बताए । समुदायमा आधारित उत्पादन मोडल अनुसार सरकारले स्थानीय र प्रदेश सरकारसंग कृषक, निजी क्षेत्र र सहकारीलाई जोड्ने तयारी गरेको मुख्यमन्त्री जम्कट्टेलले बताए । यो मोडल अनुसार उत्पादनवृद्धिका लागि प्रदेश र स्थानीय तहको लगानीमा कृषकलाई सहयोग गर्दै बजारीकरणमा निजी क्षेत्रसँगको सहकार्य गरिने उनले बताए ।



कार्यक्रममा मकवानपुरका सांसद महेशकुमार बर्तौलाले रोष्टममै पुगेर मकवानपुरमा अति आवश्यक रहेको योजनाबारे जानकारी गराउँदा पनि रकम नछुट्याएर सरकारले अन्याय गरेकोमा गुनासो पोखे । थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष ढकालले कृषि पर्यटनलाई प्रोत्साहित गर्ने उद्देश्यले आयोजित महोत्सवमा लोपोन्मुख सामानको प्रदर्शनी, कृषि उपज, अटो प्रदर्शनी, सूचनाप्रविधिसम्बन्धि जानकारी, दैनिक उपभोग्य सामग्रीको बिक्रीलगायत २ सय ३० वटा स्टल रहने बताए । महोत्सवमा हरेक दिन राष्ट्रिय कलाकार, स्थानीय कलाकार र थाहा आइडल (एकलनृत्य) को प्रस्तुती रहने उनले जानकारी दिए ।

कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, सांसद प्रेमबहादुर पुलामी छिन्तु, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्ण कटुवाल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार अग्रवाल, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल लगायतको आतिथ्यता रहेको थियो । उद्घाटनअघि थाहानगरको ओखर बजारबाट विशेष झाँकी र बाजागाजासहित विशाल शोभायात्रा गरिएको थियो । शोभायात्रामा परम्परागत सांस्कृति झाँकीहरुसहित थाहा खैजडी भजन, महिला पन्चेबाजा, महिला खैजडी भजन, तामाङ ढयांग्रो, महिला समूहहरु, स्थानीय स्काउट, विद्यार्थीलगायतको सहभागिता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# उद्योगमैत्री वातावरण खोई ?

४ भदौ २०८० बाट बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री रामकृष्ण चित्रकारले आफ्नो सय दिन पूरा गरेकोमा गर्व गरेका छन् । लामोसमय बिनाविभागीय मन्त्री रहेर उद्योग मन्त्रालयको कार्यभार सम्हालेको चित्रकारले बुधवार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन क्षेत्रमा गरेको काम सार्वजनिक गरे । चित्रकार मन्त्रालयको जिम्मेवारी सम्हालेपछि प्रदेशको उद्योग प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने 'प्रदेश औद्योगिक व्यवसाय ऐन' तथा 'प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन' को समयानुकूल संशोधन गर्न आवश्यक प्रक्रिया सुरु गरिएको बताए । उपभोग्य वस्तुको गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइनुका साथै चाडपर्वको समयमा आकस्मिक तथा अन्य समयमा नियमित रुपमा गरी १५१३ वटा व्यापारिक फर्मको अनुगमन गरिएको र जसबाट करिब ६ लाख रुपैयाँ बराबर जरिवाना तथा ४ लाख रुपैयाँ बराबरका म्याद नाघेका सामग्रीहरु नष्ट गरिएको मन्त्री चित्रकारले बताए । उद्योगमन्त्री चित्रकारले चालु आर्थिक वर्षमा प्रदेश औद्योगिक नीति, वाणिज्य नीति, खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी नीति, मानवसंशाधन विकास नीति, भूमि व्यवस्थापन नीति, गुठी व्यवस्थापन तथा संरक्षण लगायतका नीतिहरु तर्जुमा गरिने जनाएका छन् । जे कुरा आवश्यक छ त्यो काम गर्न बाँकी नै छ ।

एक सय दिन अर्थात हनिमुन पिरियड भने रोमान्समै बितेको अनुभूति हुन्छ । प्रदेश लगानी बोर्ड स्थापना, भूमि बैंक स्थापना लगायत कार्य अगाडि बढाउन कानून निर्माण गरिने उल्लेख गरिएको छ । मन्त्रालयले मन्त्रालयगत ऐनहरु कार्यान्वयन गर्न आवश्यक नियमावली, निर्देशिका र कार्यविधि यथाशीघ्र तर्जुमा गरिने जनाइएको छ । प्रलेशमा लगानीमैत्री वातावरण कायम गर्न आवश्यक नीतिनियम बनाउने कुरामा खासै उपलब्धी देखिएको छैन । पछिल्लो समय व्यवसायी पलायन हुने क्रममा छन् । तीनै तहका सरकालाई लगानीमैत्री वातावरण नभएको कुरा राम्रैसँग थाहा छ तर, सुधार कहाँबाट कसरी गर्ने भन्ने बिषयमा अन्यौल नै छ । उपभोक्ता हितसंरक्षण र बजार अनुगमन सम्बन्धमा साविकमा रहेको प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका २०७५ लाई विस्थापन गरी 'प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन अनुगमन निर्देशिका, २०८०' मन्त्रिपरिषदबाट स्वीकृतिको अन्तिम चरणमा रहेको मन्त्री चित्रकारले बताए । काठमाडौं उपत्यकालगायत सम्भाव्य स्थानमा हस्तकलाग्राम निर्माण गरी काष्ठकला, प्रस्तरकला जस्ता मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यका साथ 'प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' प्रदेशसभामा दर्ता गरिएको मन्त्री चित्रकारले जानकारी दिए । उद्यमी व्यवसायीलाई प्रोत्साहन गरी लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गरी उनीहरुको सीप संरक्षण गरी ५० प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित कार्यक्रमको कार्यान्वयन सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय र उद्योग वाणिज्य तथा उपभोक्ता हितसंरक्षण निर्देशनालयबाट कार्यान्वयन प्रारम्भ गरिएको उनले बताए । बडादसैं, दीपावली तथा अन्य पर्वको अवसरमा साल्ट ट्रेडिङ कर्पोरेसनसँगको सहकार्यमा प्रदेशभित्रका २४ स्थानमा चाडपर्व लक्षित सुपथ मूल्य पसलहरु सञ्चालन गरिनुलाई पनि उनले उपलब्धि मानेका छन् । यस्तै, 'स्वदेशी उत्पादन अभियान: उद्यमीको सम्मान' भन्ने नाराका साथ नवौं उद्योग दिवसको अवसरमा प्रदेश भित्रका १३ वटै घरेलु कार्यालय तथा निर्देशनालयको आयोजनामा सरोकारवालासँगको अन्तरक्रिया, छलफल तथा गोष्ठी कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।

चालु आर्थिक वर्ष २०८०/८१ मा यस मन्त्रालय मातहतका निर्देशनालय, १३ वटै जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयबाट हालसम्म करिब २३४० औद्योगिक तथा व्यापारिक फर्म दर्ता भएको मन्त्री चित्रकारले जानकारी दिए । नयाँ फर्म दर्ता हुने भन्दा पुराना फर्म बन्द गर्ने संख्या बढी भएको कुरा छाँयामा परिरहेको छ । लगानी संरक्षण हुने अवस्था नभएकै कारण लगानीकर्ता पलायन हुने क्रममा छन् । प्रदेशको उद्योग तथा लगानी प्रवर्द्धनन समितिको बैठकले अनुसूची-१ बमोजिमको सहमति लिनुपर्ने ९ वटा उद्योगलाई सहमति दिइएको उनले बताए । मन्त्रालयले प्रदेशभित्रका विभिन्न जिल्ला कार्यक्षेत्र भएका र प्रचलित वातावरणीय कानुनले आईई स्वीकृत गर्नुपर्ने भनी तोकेका ११ वटा उद्योगको प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदनलाई स्वीकृति प्रदान गरिएको बताइएको छ । जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयको भौतिक पूर्वाधार, मानव संशाधन, योजना कार्यक्रम कार्यान्वयनलगायतका सम्पूर्ण अवस्थाको बारेमा यथार्थ जानकारी लिने क्रममा सिन्धुली, धादिङ, ललितपुर, भक्तपुर, चितवन र मकवानपुरका घरेलु तथा साना उद्योग कार्यालयको स्थलगत निरीक्षण गरिएको जनाइएको छ । चित्रकारले आफ्नो नेतृत्वमा सञ्चालनमा नआएको उद्योगलाई पुनउपयोग गर्न छलफल गरिरहेको दाबी गरेका छन् । बागमती प्रदेशमा उद्योग स्थापनाको लागि लगानी गर्न ईच्छुक दक्षिण कोरिया, चीन तथा जापानका व्यवसायीको टोलीसँग भेट गरी लगानीको लागि प्रेरित गरिएको, पाकिस्तानका उद्यमीलाई भ्रमणका लागि निमन्त्रणा पठाइएको उनले बताए । यो पनि 'भुईंको टिप्न खोज्दा गोजीको झरेको' पत्तो नपाएझैं भएको छ ।

साझाकुरा

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर १६ गते शनिबार, २ डिसेम्बर २०२३ । पञ्चमी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:३९, सूर्यास्त ५:०६ । विश्व दासता उन्मूलन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनमा निरासा उत्पन्न हुनेछ | तुला | : शुभ नतिजा आउनेछ |
| वृष | : समयले साथ दिनेछ | वृश्चिक | : दिन रमाइलो हुनेछ |
| मिथुन | : रमाइलोमा दिन बित्नेछ | धनु | : मन खिन्न हुनेछ |
| कर्कट | : जोश जागर आउनेछ | मकर | : शरीरमा स्फुर्ती बढ्नेछ |
| सिंह | : समयले साथ दिनेछ | कुम्भ | : घरायसी मेलमिलाप हुनेछ |
| कन्या | : राम्रो समाचार सुन्न पाइनेछ | मीन | : पढाइलेखाइमा सफलता मिल्नेछ |

# दुबईमा प्रधानमन्त्रीले सहयोगको याचना होइन, क्षतिपूर्तिको दाबी गरून्



✍ जीवनाथ शर्मा

### क. रित्तिंदै ग्रामीण बस्ती

नेपालका ग्रामीण बस्तीहरू पछिल्लो समय तीव्र गतिमा परिवर्तन भइरहेका छन् । अधिकांश बस्ती बसाईंसराइका कारण उजाड हुँदैछन् । अचम्म त के छ भने तीन दशक पहिले ग्रामीण बस्ती यातायात सञ्जालबाट जोडिएका थिएनन्, अन्य आधुनिक सुविधा पनि पुगेको थिएन तर गाउँमा मानिस थिए । रोजगारीका लागि नेपालीहरू परिवारका पुरुष सदस्य अस्थायी रूपमा गाउँ अझ भनौं देश बाहिर जाने प्रवृत्ति नयाँ होइन, दशकौं पुरानो हो । सुविधाविहीन गाउँ भए पनि प्रवासी घण्टौं, दिन र हप्ता हिंडेर भए पनि गाउँ फर्कन्थे ।

रोजगारीबाट कमाएको धन गाउँमा लगानी हुन्थ्यो । गाउँमा समस्या नभएका होइनन् तर समाधान स्थानीयस्तरमै खोजिन्थ्यो । ग्रामीण बस्ती एक किसिमको स्वावलम्बी, स्वशासित र आत्मनिर्भर थिए । गाउँमा पुस्तौंको प्रयासबाट सृजना गरेको समृद्धि एकाएक सकिंदै गएको छ ।

मानिसले आफ्नो बस्तीमा आर्जित मानवीय, आर्थिक वा भौतिक पूँजीमा विश्वास गुमाउन छाडे भने त्यो बस्तीको अधोगति सुरु हुन्छ । यहाँनेर प्रश्न के हो भने पहिले गाउँमा सुविधा नहुँदा परदेशको आय लगानी हुन्थ्यो अहिले उल्टो गाउँमा विभिन्न सुविधा पुगेका छन्, सकेसम्म कोही फर्कन चाहँदैन र गाउँबाट बसाईंसराइ अन्तिम विकल्प बनेको छ ।

यस्तो किन भयो, गाउँको जीवन र जीविका कठिन भएर ? झट्ट हेर्दा त्यस्तै देखिन्छ किन्तु विकसित भएका शहरहरूको विश्लेषण गर्दा जीवन र जीविका मान्छेले नै सहज बनाएको देखिन्छ । भौगोलिक कठिनता भएर भनौं भने भौगोलिक रूपमा अप्ठ्यारा ठाउँ पनि समृद्ध बनेका उदाहरण छन् अनि हाम्रा सुगमका बस्ती पनि रित्तिंदैछन् ।

कृषिमा आधारित जीविकोपार्जन भएका परिवार सकभर आफ्नो थातथलो छाडेर बसाइँसराइ गर्न रुचाउँदैनन् । कृषि जीविकोपार्जनको स्रोत मात्र होइन, योसँग संस्कृति र परम्परा पनि जोडिएको हुन्छ । यस्तो विरासत छाडेर स्थायी रूपमा बाहिरिनु सहज जीविकाको आकांक्षा मात्र होइन उनीहरूको बुता बाहिरका शक्तिहरू बढी जिम्मेवार छन् ।

### ख. गाउँबाट उठीवास लगाउने बाह्यकारण

खेतीबालीमा पहिले कहिल्यै नदेखिएका रोग, कीरा, बाफय प्रजातिका वनस्पतिको आक्रमण बढेको छ । किसानले पहिले प्रयोग गर्दै आएका बाली र जीव लोप हुँदैछन् भने स्थानीय समाधानका विधिले काम नगर्ने भएका छन् । लामो खडेरीले समयमा खेती गर्न सम्भव हुन छाडेको छ । खानेपानीका स्रोतहरू घट्दै गएर सिंचाइको सुविधा साँघुरिंदो छ । जसोतसो जोगाएको खेती एकै पटक मुसलधारे पानी आएर सखाप पार्छ ।

पहिले सुरक्षित मानिएका बस्तीहरू पहिरो, थिग्रान र डुबान जस्ता जलवायुजन्य विपत्को खतरामा छन् । गाउँबाटै हिउँले ढाकिएर सेताम्मै देखिने हिमाल हिउँदमा समेत काला पहाड देखिन थालेका छन् ।

मानिस र पशुपक्षीमा पहिले कहिल्यै नदेखिने रोग र अन्य समस्या देखिंदै छन् । हिउँद लागेपछि वनमा लागेको डढेलो गाउँमै आइपुग्छ ।

अझ विकासको नाममा पहुँचवालाको लहडमा विना इन्जिनियरिङ खनिएका मोटर बाटो र अन्य संरचनाले गरिब र संकटासन्न परिवारको बस्ती र पाखोबारी सत्यनाश बनाएको मात्र होइन, बढ्दो घनघोर वर्षा र बाढीसँग मिलेर गाउँ नै खतरामा पारेको छ ।

यी सबै समस्याको कारण बढ्दो जलवायु परिवर्तन हो, जसलाई बढाउन ग्रामीण बस्तीका भूमिहीन र साना किसानको कुनै भूमिका नै छैन । जमिनको भाग जति व्यक्ति र राज्य भनेर राजनीतिक सीमारेखा कोरे पनि वायुमण्डलमा सीमा लगाउन सकिंदैन । सीमा लगाइएका भूभागमा त धनी राष्ट्रले शक्तिको बलमा प्राकृतिक स्रोतको दोहन गरेर उपभोगका सामान निर्माण गर्ने, नाफा सृजना गर्ने, अकुत सम्पत्ति थुपार्ने र सट्टामा उपयोगहीन अवस्थामा खोक्रिएको स्रोत अनि सधैं समस्याको जडको रूपमा हरितगृह ग्याँस उत्सर्जन गरेर छाडेका छन् । अझ सीमा लगाएर रोक्न नसकिने साझा वायुमण्डलको त के कुरा गरौं ?

पछिल्लो समय तरिका बदलिएको छ । पहिले जस्तो धनी राष्ट्र सेना सहित आफैं स्रोत दोहन गर्न आउँदैनन् । भूमण्डलीकृत अर्थ-व्यवस्थाका कर्ता र उद्योगीहरू गरिब र पछौटेपनबाट ग्रस्त क्षेत्रबाट कच्चा पदार्थ र गरिबको श्रम सस्तोमा किन्छन् । वस्तु निर्माणपछि कैयौं गुणा महँगोमा तिनै गरिबलाई बेच्छन् । कच्चा पदार्थ र श्रम उत्पादनस्थलसम्म र उत्पादनदेखि बस्तीसम्म बजारले नै पुऱ्याउँछ । यस्तो विभेदकारी हर्कतले निर्माण गरेको पूँजीबाट राज्य र समाजको बीचमा असमानता चुलिंदै गएको छ । साथै, यसरी निर्माण गरेको पूँजीले धनाढ्यहरूको विलासी जीवन सुनिश्चित गर्ने वस्तु निर्माणको क्रममा ठूलो मात्रामा हरितगृह ग्याँस उत्सर्जन भइरहेको छ ।

### ग. जलवायु परिवर्तनमा भूमिकाहीन गरिब नै अत्यधिक प्रभावित

योगदानका हिसाबले एक नेपाली नागरिकले सरदर ०.३ टन हरितगृह ग्याँस उत्सर्जन गर्दा एक चिनियाँले ७.७ टन र एक अमेरिकी नागरिकले १६ टन प्रति वर्षका दरले उत्सर्जन गर्छ । जबकि विश्वव्यापी सरदर हरितगृह ग्याँस उत्सर्जन ४.७ टन छ । यी देशभित्र पनि धनाढ्य र गरिबले गर्ने उत्सर्जनको दर तुलनै गर्नर् नमिल्नेछ । यो सामान्य तुलना प्राकृतिक स्रोतमा फरक दोहन र जलवायु परिवर्तनमा विकसित र अल्पविकसित देश तथा नागरिकको योगदान बुझ्नमा पर्याप्त छ ।

थोरै हरितगृह ग्याँस उत्पादन गर्ने गरिब देशका गरिब नागरिकहरू जलवायु जोखिमको हिसाबले अत्यन्त संकटासन्न भएर जिउनु परेको छ । उता धनाढ्यहरू त्यही उत्सर्जनबाट आर्जित सम्पत्ति प्रयोग गरेर मस्तीको जीवन बाँच्दै पुन: ठूलो मात्रामा उत्सर्जन गर्छन् ।

अझ अनौठो कुरा त के छ भने उनीहरूकै अत्यधिक हरितगृह ग्याँस उत्सर्जनबाट सृजित समस्याको समाधान खोज्न गरिब देशलाई बाध्य पारिन्छ । साना किसानहरू जल, जंगल, जमिन र जनावरको एकीकृत व्यवस्थापनबाट निर्वाह गरेको जीविकोपार्जनमा उनीहरूकै योजना अनुसार राज्यले हस्तक्षेप गर्न थालेपछि नागरिक पलायन भएर गाउँ रित्तिने अवस्था आएको छ ।

हरितगृह ग्याँसको अवशोषणका लागि वन क्षेत्र बढाउनु एक उपाय हो । त्यसको लागि समुदायको सहभागितामा वन जोगाउने र क्षेत्र बढाउने त गरियो तर जीविकोपार्जनमा हुँदै आएको प्रयोग अधिकारबाट वञ्चित गरियो । आफैंले रोपेर हुर्काएको र संरक्षण गरेको रूख र अन्य स्रोत उपयोग गर्नबाट वञ्चित भएपछि ग्रामीण उत्पादकहरू सबै हिसाबले परनिर्भर भए । घरको छानादेखि जगसम्म, खेती गर्ने औजारदेखि बीउसम्म, पशुपालनका लागि नश्लदेखि दानासम्म र नानादेखि खानासम्म बाहिर बाट ल्याउनुपर्ने भयो ।

त्यति मात्र होइन, समुदायले तमाम समस्याको समाधान खोज्ने पुर्खौंदेखि विकास गरेको रैथाने अभ्यास र संस्थाहरूमा समेत अनेक नियम-कानुन लगाएर ध्वस्त बनाइयो तर नयाँ संस्था बन्नै सकेनन् ।

माथि उल्लिखित जलवायु परिवर्तनले सृजित समस्या प्राकृतिक स्रोतसँगको अगलावका कारण उत्पादन सामग्री सबै बाहिरबाट ल्याउनुपर्ने बाध्यता, समस्या समाधान गर्ने संस्थाको विघटनका कारणले सीमान्त जमिनमा खेती गरेर लागत उठ्ने त के बीउ जोगाउन पनि कठिन भएपछि बाँझै छोड्ने बाध्यता बढेको छ । अब त्यसमा पनि रूख भरिन थाले । पछि जङ्गल बढ्दै खेतीयोग्य जग्गाको साँधमै आइपुग्यो ।

यसो भएपछि जङ्गली जनावरको संख्या बढ्नु स्वाभाविक भयो । अर्कोतर्फ समुदायले पहिलेदेखि जङ्गली जनावर नियन्त्रण गर्ने तरिका माथि पनि कानुनले बन्देज गरेपछि जनावरहरू खेती क्षेत्रमा मात्र होइन, बस्ती नै पसेर मानवजीवन समेत जोखिममा पार्न थाले ।

यसरी प्रतिकूलता थपिंदै गएपछि कृषि उत्पादन प्रतिस्पर्धी हुन सम्भव भएन । अर्कोतर्फ धनी र गरिब देश बीचको आय असमानता अत्यधिक बढेका कारण बढ्दो प्रतिकूलतामा आफ्नै खेती गर्न भन्दा वैदेशिक ज्यालादारी गर्दा फाइदा हुनथाल्यो । यसले उच्च दरमा बसाइँसराइ बढ्यो । फलत: उत्पादनयोग्य भूमि समेत बाँझो हुँदै जङ्गलमा परिणत हुनथाले ।

यसरी लाखौं साना किसानको अर्बौं डलर बराबरको जीविकोपार्जनको स्रोत र अमूल्य जीवनको मूल्यमा बढाएको वनबाट कार्बन अवशोषण गरी बेचेको कार्बनबाट पाउने प्रतिफल नगन्य छ । यस वर्ष पहिलो पटक जम्मा ९ मिलियन डलर विश्व बजारबाट प्राप्त भएको छ । यो कसरी न्यायोचित हुन सक्छ ?

अझ अर्को विडम्बना के छ भने समुदायको ठूलो लगाव र जीविकोपार्जनको मूल्यमा प्राप्त भएको सो रकम पनि उनीहरूसम्म न्यायोचित तरिकाले पुग्ने सम्भावना छैन किनकि त्यस्तो संयन्त्र, विधि र औजार बनेको छैन ।

यसरी आफ्नै आत्मनिर्भर उत्पादन र उपभोगको अभ्यास छाडेर परनिर्भर जीविकोपार्जनको स्रोतमा लाग्नाले कुनै समय समृद्ध लाग्ने गाउँ उजाड भएको छ भने उत्पादन भूमि बाँझो बनेको छ । झट्ट हेर्दा कारण स्थानीय लाग्न सक्छ । वास्तवमा यसो हुनुको कारण स्थानीय भन्दा समुदायको नियन्त्रण भन्दा बाहिरको कारणले यस्तो भएको हो । यदि स्थानीय कारण हुँदो हो त यस्तो समस्या देशभर एकै किसिमले देखिने थिएन । फेरि यस्तो समस्या नेपालको मात्र होइन, नेपाल जस्तै अल्पविकसित देश सबैको हो ।

यो सबै उत्पादनमा प्राकृतिक स्रोत दोहन गरी हरितगृह ग्याँस उत्सर्जन गर्ने र वितरणमा नाफा मार्फत सम्पत्तिको सञ्चय गरी धनाढ्य बन्ने तर सामाजिक दायित्व वहन गर्नु नपर्ने पूँजीवादी व्यवस्था, अन्तर्राष्ट्रिय दबाबका कारण साना उत्पादकलाई निरुत्साहित गर्ने कानुन अनि जलवायु परिवर्तनका कारण सृजित नयाँ समस्याले ग्रामीण साना उत्पादकमा बढ्दो संकटासन्नताको प्रकटीकरण हो । यी समस्या सिर्जना र बढोत्तरीमा ग्रामीण समुदायको कुनै भूमिका छैन र उनीहरूको स्थानमा सृजना भएको पनि होइन । अन्यत्र उत्पत्ति भएको समस्याको शिकार भएका मात्र हुन्, नखाएको विष लाग्नु भने झैं ।

### घ. क्षतिपूर्ति माग्ने आधार र अधिकार खोज्ने थलो

सन् २०३० सम्म औद्योगिक युग सुरु हुनुपूर्वको तहको तुलनामा विश्वव्यापी ताप १.५ र २१०० सम्म २ डिग्री सेन्टिग्रेड भन्दा तल सीमित गर्ने लक्ष्य छ । अहिले नै १.२ डिग्री सेन्टिग्रेड पुगिसकेको छ । औद्योगिक युग सुरु हुनुपूर्वको तुलनामा सन् २००० सम्म वायुमण्डलमा हरितगृह ग्याँसको मात्र ४७ प्रतिशत बढेकोमा सन् २००० देखिका २० वर्षमा ११ प्रतिशत बढेको छ । हरितगृह ग्याँसको उत्सर्जनको प्रवृत्ति हेर्दा लक्ष्य गरे अनुसार तापक्रम वृद्धिको सीमामा रहन कठिन जस्तो देखिन्छ ।

यसरी हरितगृह ग्याँस बढ्नुमा अल्पविकसित राष्ट्रको भूमिका नगन्य छ । ४६ वटा अल्पविकसित राष्ट्रहरूले ४ प्रतिशत भन्दा तल उत्सर्जन गर्छन् जबकि पछिल्लो ५० वर्षमा जलवायुजन्य विपत्का कारणले भएको मृत्युमा ६७ प्रतिशत तिनै अल्पविकसित राष्ट्रका नागरिक छन् । पछिल्लो वर्ष चीन, अमेरिका र भारतले मात्र कुल विश्वव्यापी उत्सर्जनमा ४२ प्रतिशत योगदान गरेका छन् ।

एक अध्ययन अनुसार प्रति १ डिग्री सेन्टिग्रेड तापक्रम बढ्दा ९.१ प्रतिशतले चरम गरिबी बढेको देखिन्छ भने असमानता ०.८ ले । उत्सर्जन घटाउने वास्तविक प्रयास नगरेर १.५ डिग्रीको सीमा पनि कटेमा हालत कस्तो होला ? अति गरिबको संख्या बढ्ने मात्र होइन धनी र गरिबबीचको असमानता पनि अत्यधिक बढ्छ ।

उत्सर्जन घटाउने कर्तव्य तिनैको हो जसले अहिलेसम्म धेरै सञ्चित उत्सर्जन गरेका छन् । छिट्टै औद्योगीकरण गरेका विकसित देशहरू यसका मुख्य जिम्मेवार हुन् ।

अझ रोचक त के छ भने तिनै गरिब देशहरूलाई उत्सर्जन घटाउन भनिएको छ । सट्टामा माथि उल्लेख गरे झैं नगन्य वित्त बडो प्रशासनिक झन्झट पार गरेर मात्र उपलब्ध गराइन्छ । यो उनीहरूको जीविकोपार्जनका स्रोत र आकांक्षाको मूल्यमा मात्र सम्भव हुन्छ । उनीहरूको दायित्व उत्सर्जन घटाउने होइन बरु अनुकूलन र हानि-नोक्सानीको पूर्तिका लागि वित्त पाउनका लागि हकदार हुन् ।

जति वित्त प्राप्त भएको छ त्यसको ठूलो भाग उत्सर्जन न्यूनीकरणमा गएको छ । सन् २०१३ मा प्रवाह भएको जलवायु वित्तको जम्मा ३४ र सन् २०२१ मा आइपुग्दा २७ प्रतिशत मात्र अनुकूलनमा गएको देखिन्छ । न्यूनीकरणमा गएको वित्त प्राय: संकटासन्न परिवारसँग सरोकार नराख्ने भौतिक संरचना निर्माणमा उपयोग हुने गर्छ ।

जलवायु परिवर्तनको बढी असर हिमाल अनि पहाडमा छ । नेपाल अधिकांश भाग हिमाल र पहाडले ढाकिएकोले जलवायु संकटासन्नताको हिसाबले विश्वको चौथो मुलुक स्वभावैले अरूभन्दा बढी प्रभावित हुने नै भयो । वनजङ्गल विस्तारमा उल्लेख्य प्रगतिको बावजुद पनि प्रतिबद्धता गरिएको रकमको ४० प्रतिशत मात्र प्राप्त गर्न सकेको छ ।

यस्तै पृष्ठभूमिमा पक्ष राष्ट्रहरूको सम्मेलन सन् १९९५ बाट सुरु भएर २८औं सम्मेलन यही नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म दुबईमा हुँदैछ । पक्ष राष्ट्रहरूको सम्मेलन यस्तो अन्तर्राष्ट्रिय थलो हो, जहाँ प्रदूषकका पीडितहरू एकठाउँ उपस्थित भएर जलवायु न्यायको लागि संवाद गर्ने, आमनेसामने भएर वार्ता वा सौदाबाजी गर्ने अवसर पाउँछन् । यो प्रक्रियामा अल्पविकसित तथा कम हरितगृह ग्याँस उत्सर्जन गर्ने विकासशील राष्ट्र धेरै उत्सर्जन गर्ने विकसित राष्ट्र तथा निजी क्षेत्रसँग क्षतिपूर्ति स्वरूप जलवायु वित्त प्राप्तिका लागि वार्ता गर्छन् ।

### ङ. सम्मेलनमा अल्पविकसित राष्ट्रका सवाल

दुबई सम्मेलनमा सवाल के हो भने नगन्य उत्सर्जन गरेर अत्यधिक प्रभावित भएका नेपाल र अरू विकासशील राष्ट्रले जलवायु वित्त निगाह नभई क्षतिपूर्ति स्वरूप अधिकारका रूपमा उपलब्ध गराउनुका साथै जलवायु परिवर्तनमा योगदान र त्यसको प्रभावको हिसाबले न्यायिक रूपमा वितरण हुन आवश्यक छ । विकसित देशले आफ्नो विकास बजेटको ०.७ प्रतिशत संस्थागत विकास सहायताको खाकामा उपलब्ध गराएको परम्परागत सहयोगको अतिरिक्त हुनुपर्छ ।

अर्को महत्वपूर्ण पक्ष, गरिब राष्ट्रका संकटासन्न समुदायले वित्त हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणका लागि नभएर अनुकूलन र हानि-नोक्सानीको क्षतिपूर्तिको लागि उपलब्ध गराइनुपर्छ । यदि न्यूनीकरणमा हुने हो भने संकटासन्न परिवारले हरितगृह ग्याँस उत्सर्जन घटाउँदा त्यसका लागि जीविकोपार्जन आकांक्षामा गर्नु परेको बलिदानी वा सम्झौता बराबर सहज रूपमा उपलब्ध भए मात्र न्यायिक हुन्छ । जलवायु वित्तको प्रतिबद्धता अनुसार कार्यान्वयन हुनुपर्छ भन्ने मुद्दा पनि त्यतिकै महत्वपूर्ण छ । सन् २००९ देखि २०20 सम्ममा प्रति वर्ष १०० विलियन डलर उपलब्ध गराउने प्रतिबद्धता भए पनि सन् २०१३ मा ५२.४ हुँदा २०२१ मा ८९.६ विलियन पुगेको देखिन्छ । वास्तविक आवश्यकताको तुलनामा प्रतिबद्धता अत्यन्त कम छ परन्तु त्यो पनि पूरा हुने गरेको छैन ।

यसो हुनुको एक कारण प्रतिबद्धता गरेको रकम कहाँबाट आउँछ भन्ने किटान नहुनु पनि हो । वास्तविक उत्सर्जक निजी क्षेत्रले ठूलो अंश व्यहोर्नुपर्नेमा पछिल्लो प्रतिवेदन अनुसार १६ प्रतिशत मात्र योगदान गरेको देखिन्छ ।

यसरी प्रवाह गरिएको वित्तको वितरण समेत न्यायिक हुनसकेको छैन । पछिल्लो प्रतिवेदन हेर्ने हो भने तेस्रो ठूलो उत्सर्जक भारत एक्लैले १७.५ प्रतिशत जलवायु वित्त प्राप्त गरेको छ भने ४ प्रतिशत पनि उत्सर्जन नगर्ने नेपाल सहितका ४६ अल्पविकसित देशले पुगनपुग १७ प्रतिशत मात्र । त्यो पनि अधिकांश भाग ऋणको रूपमा । अल्पविकसित देशले पाएकोमा समेत नेपालले पाएको अंश निकै सानो छ ।

विश्वका धनाढ्यहरूको पूँजी सञ्चय प्राकृतिक स्रोतको असमान उपयोग, परिचालन, अधिक दोहन र कामदारको श्रमशोषणबाट संकलन भएको हो । हरेक अंश नाफा तथा सञ्चयमा हरितगृह ग्याँस उत्सर्जन भएको छ । जति धेरै धनी बन्यो त्यही अनुपातमा हरितगृह ग्याँस उत्पादन भएको छ । यस अर्थमा गरिब नागरिकलाई थप संकटासन्न बनाउन धनीहरूको भूमिका बढी छ भने तिनीहरूबाट पनि समानुपातिक हिसाबले संकटासन्न परिवारका लागि र पारिस्थितिक प्रणाली सुधारमा जलवायु वित्त प्रवाह हुन जरूरी छ

न्यूनीकरण र अनुकूलनपछि जलवायु वित्त उपलब्ध गराउने तेस्रो क्षेत्र हानि-नोक्सानी हो । यो अवधारणा सन् १९९१ मा संयुक्त राष्ट्रसंघीय खाका सम्झौता बनाउने बेला नै साना तथा टापु राष्ट्रको आग्रहमा समावेश भएर विभिन्न चरण पार गर्दै २७औं सम्मेलनमा आइपुग्दा यसको खाका र संयन्त्र बनाउनका लागि संक्रमणकालीन समिति बनाउने निर्णय भई २८औं सम्मेलनको पूर्वसन्ध्यामा विश्व बैंकलाई जिम्मा लगाएकाले कार्यान्वयनमा आउला भन्ने आशा पलाएको छ ।

हानि-नोक्सानीको अवधारणालाई कार्यान्वयनमा ल्याउन थुप्रै चुनौती छन् । हानि-नोक्सानीको ढाँचा, मूल्यांकन गर्ने विधिदेखि कार्यान्वयनमा लैजान पूँजीको जोहो गर्नेसम्मको चुनौती छ । यो कार्यान्वयनमा कहिले आउँछ थाहा छैन तर यो संस्थागत विकास सहयोगको परम्परागत स्रोत भन्दा अतिरिक्त हुन जरूरी छ । अनि यसले अनुकूलनका लागि उपलब्ध भइराखेको स्रोत विस्थापित गर्नुहुन्न ।

### च. २८औं सम्मेलन नेपालका लागि अभूतपूर्व अवसर

यस सम्मेलनमा नेपालले माथि उल्लेख भएका विषयका अतिरिक्त जोडदारले उठाउनुपर्ने पर्वतीय मुद्दा हो । यो प्रतिस्पर्धा कम हुने तुलनात्मक अवसरको क्षेत्र हो । अझ महत्वपूर्ण कुरा के छ भने सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसंघका महासचिव नेपाल आएर स्वीकारेका छन् कि नेपालको हिमालयमा एक तिहाइ भाग हिउँ जलवायु परिवर्तनका कारण घटिसकेको छ ।

यो केवल हिउँको मात्रा घटेको मात्र होइन, समस्त जीवनलाई नै संकट सृजना भएको हो । यो नोक्सानीलाई हानि-नोक्सानीको ढाँचाभित्र राख्दा मिसगाइड हुनसक्छ । क्षतिपूर्तिको फरक अवधारणाका रूपमा पर्वतीय मुद्दा जोडतोडका साथ अगाडि सार्नुपर्छ ।

फलामलाई आकारमा ल्याउन तातेको बेला हान्नुपर्छ । महासचिव गुटरेसले बनाएर गएको पृष्ठभूमिमा आफ्ना सवालको सुनुवाइ गराउने नेपाललाई अद्वितीय अवसर छ यो सम्मेलनमा । सहयोगको याचना होइन, यो क्षतिपूर्तिको दाबी हो । हामीले विना गल्ती प्रदूषकसँग वायुमण्डल साझेदारी गर्नुपर्ने बाध्यताको दुर्दशा भोगिरहेका छौं ।

विकासका नाममा प्रकृतिमा भएको यस विनाशलाई सच्याउने दायित्व उनीहरूकै हो । गरिब देशका गरिब जनताले यसलाई सच्याउँदा लाग्ने लगानी अनि जीविका र यसको स्रोतमा भएको नोक्सानीबाट बच्न गरिने अनुकूलनका प्रयास गर्दा लाग्ने जलवायु वित्त पाउनु अधिकार हो । नेपालले यसरी अधिकार दाबी गरिरहँदा जलवायु वित्तको उपयुक्त उपयोग गर्न सक्ने क्षमता प्रदर्शन गर्नुपर्छ । संकटासन्न समुदायको जलवायु वित्त न्यायिक हिसाबले पुऱ्याउने संयन्त्र र यसको उत्तम उपयोग हुने विश्वास दिलाउन सक्ने हालका अभ्यास र मार्गदर्शन प्रस्तुत गर्न नसके अधिकार माग्ने नैतिक धरातल कमजोर हुनसक्छ । त्यसैगरी उपलब्ध गराएको रकम दुरुपयोग नहुने विश्वसनीयता र खोजेको ढाँचामा प्रतिवेदन दिने क्षमता प्रदर्शन गर्न सक्नुपर्छ ।

यस वर्षको पक्ष राष्ट्रहरूको सम्मेलन जलवायु न्याय सवालमा सफल रहोस् । नेपालले जलवायु वित्त न्यायको सवालमा हुने वार्ता र सौदाबाजीमा आफ्नो क्षमता प्रदर्शन गरेर प्रतिस्पर्धी र तुलनात्मक लाभ लिन सकोस्, शुभकामना ! *(साभार:अनलाइनखबर)*

# ईयूको कालोसूचीबाट अझै हटेन नेपालको हवाइ क्षेत्र

काठमाडौं/युरोपेली युनियनले नेपालको नागरिक उड्डयन (हवाइ) क्षेत्रलाई उडान सुरक्षा चासो (कालोसूची)मा कायमै राखेको छ ।

ईयूले बिहीबार उडान सुरक्षा चासोको सूचीमा परेका एयर लाइन्सहरुको नयाँ सूची सार्वजनिक गरेको छ, जसमा नेपाल नागरिक उड्डयन प्राधिकरणमा दर्ता भएर सञ्चालनमा रहेका सबै वायुसेवा कम्पनीहरु छन् ।




नेपाली वायुसेवा कम्पनीहरु सन् २०१३ देखि नै यो सूचीमा परेका छन् । कालोसूचीमा पर्ने वायुसेवा कम्पनीले युरोपेली युनियनभित्रका मुलुकको आकासमा उडान अनुमति पाउँदैनन् ।

२०१३ मा नेपाल युरोपेली युनियनको कालोसूचीमा पर्नुको मुख्य कारण अन्तर्राष्ट्रिय नियमनकारी निकाय अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को गम्भीर सुरक्षा चासो (एसएससी) सूचीमा नेपाल पर्नु थियो ।

आइकाओले उठाएका मध्ये बहुसंख्यक चासो सम्बोधन भएको छ । फलस्वरुप सन् २०१७ जुलाईबाट नेपाललाई गम्भीर सुरक्षा चासोबाट हटायो । नेपालले आइकाओको सूचीबाट उम्किएसँगै मन्त्री र सरकारीहरु अधिकारीहरुले ईयूको सूचीबाट समेत नेपाल उम्कन्छ भन्ने दाबी आएका छन् । तर अहिलेसम्म कालोसूचीमा नेपाली वायुसेवा कम्पनीहरु कायमै छन् ।

यसले सबभन्दा बढी मारमा भने नेपाली ध्वजाबाहक नेपाल एयरलाइन्स परेको छ । एयरलाइन्सले विगतमा नेपालबाट लामो दूरीका गन्तब्यमा उडान गर्ने गरेका गन्तब्यमा युरोपेली शहर पनि पर्छन् । कालोसूचीमा परेसँगै उडान रोकियो । पछिल्लो समय विमान थप्ने र विस्तार गर्ने भनिएको छ, तर ईयूको कालोसूचीमा रहेसम्म युरोप जान सक्दैन ।

**किन हटाएन ईयूले ?**

नागरिक उड्डयन प्राधिकरणका अधिकारीहरुले ईयूले नेपाली हवाइ क्षेत्रलाई कालोसूचीबाट नहटाउनुको कारण वायुसेवा कम्पनीहरु भएको दाबी गरेका छन् । उनीहरुका अनुसार ईयूले नेपाल एयर लाइन्स र श्री एयरलाइन्सबारे टिप्पणी गरेको छ ।

जसमा 'नेपाल एयर लाइन्सको वर्तमान संगठन संरचना, कार्यपद्धति, आर्थिक एवम् प्राविधिक क्षमता, जनशक्ति एवं सेवा प्रवाहको गुणस्तर लगायत समग्र संरचनामा आमूल परिवर्तन गर्ने संस्थागत सुदृढीकरण अत्यावश्यक रहेको' भनेको छ ।

श्री एयरलाइन्सको कार्यपद्धति सन्तोषजनक रहेपनि थप सुधारका लागि प्रभावकारी कार्यप्रणाली एवम् कार्यपद्धति अवलम्बन गर्दै जान विषेश पहलकदमी लिनुपर्ने ईयूको टिप्पणी रहेको प्राधिकरणका अधिकारीहरु बताउँछन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुल पनि यस पटक ईयुले उडान सुरक्षामा राज्यको प्रतिवद्धता र वायुसेवा कम्पनीहरुको कार्यान्वयन क्षमतामाथि बढी प्रश्न उठाएको बताउँछन् ।

'प्राधिकरणले उडान सुरक्षामा गरेको कामको प्रशंसा गरिएको छ', उनले भने, 'उड्डयन सुरक्षाको विषय प्राधिकरण एक निकायको मात्र नभई समग्र राज्यको दायित्व हो भन्ने विषयलाई बढी हाइलाइट गरिएको छ ।'

तर वायुसेवा कम्पनीहरुको नियमन गरी कारवाही गर्ने जिम्मेवारी नागरिक उड्डयन प्राधिकरणको हो । त्यही कारण ईयूले 'उडान सुरक्षामा राज्य नै गम्भीर हुनुपर्छ', भनेको भन्दै एक पूर्वमहानिर्देशक भन्छन्, 'एयरलाइन्सले बदमासी गऱ्यो भने तत्काल कारवाही गर्न कसले रोकेको छ ?

कालोसूचीसँग नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायकका रुपमा विभाजन गर्ने विषय पनि जोडिएको छ ।

नियमक र सेवा प्रदायक अलग अलग बनाउन स्पष्ट रुपमा सुझाव दिने अन्तर्राष्ट्रिय निकाय नागरिक उड्डयन संगठन हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वउपमहानिर्देशक देवानन्द उपाध्यायका अनुसार ईयूले भने खुलेर संस्था फुटाऊ भनेको छैन । तर कर्मचारीलाई नियामकीय र सेवा प्रदायक दुबै भूमिका दिन नहुने उनको प्रष्ट सन्देश छ ।

'जसरी नेपाल प्रहरीमा ट्राफिकले अपराध अनुसन्धानको काम गर्न पाउँदैन, त्यस्तै संगठन संरचनाको परिकल्पना इयूको हो' अर्का एक पूर्वमहानिर्देशक भन्छन्, 'यसका लागि संस्था फुटाउन पर्छ भन्ने छैन । तर ऐनले अधिकार सम्पन्न बनाएर नियामक र सेवा प्रदायकको भूमिका स्पष्ट बनाउन भनिएको हो ।'

उनका अनुसार विगतमा इयूको अडिट आएका बेला नियामक निकायको रिक्त स्थानमा सेवा प्रदायकमा काम गरिरहेका कर्मचारीलाई तत्काल ल्याएर खटाइएको पोल खुलेको थियो । त्यसेले अहिले पनि स्पष्ट कानुन नभएको विषय कोट्याउने गर्छ ।

पछिल्लो पटक २०७६ फागुनमा नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियामकीय निकायका रुपमा विभाजन गर्न राष्ट्रिय सभामा दुई विधेयक दर्ता भएका थिए ।

हवाइ सेवा प्राधिकरण र नेपाल नागरिक उड्डयन प्राधिकरण गरी दुई निकाय रहने गरी दुई वटा विधेयक संसदमा दर्ता गरिएको थियो । तर विधेयक अघि बढ्न सकेन । संसदको कार्यकाल समाप्त भएपछि अरु जस्तै यो विधेयक पनि स्वत: निष्क्रिय भयो ।

सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा पुन: प्राधिकरणको संरचना सुधार गर्ने घोषणा गरेको, तर विधेयक ल्याउन चासो दिएको छैन । किनकी हालको प्राधिकरणबाट हवाइ सेवा प्राधिकरण र नागरिक उड्डयन प्राधिकरण अलग अलग गर्ने प्रस्तावको प्राधिकरणका कर्मचारी विरोधमा छन् । राजनीतिक नेतृत्वले पनि अडान लिएर यो काम अघि बढाउन सकेका छैनन् ।

**दुर्घटना जाँचको स्थायी संयन्त्र खोइ ?**

अन्तर्राष्ट्रिय निकायले देखाएको अर्को चासो हवाई दुर्घटना न्यूनीकरणका लागि चाहिने स्थायी संयन्त्र पनि हो । आईकाओले यो विषय पटक पटक उठाएको छ । आईकाओले हेर्ने उडान सुरक्षाका कुल ८ वटा चासोमध्ये नेपालको सबैभन्दा कमजोर अंक यसैमा आएको छ ।

सरकारले विमान दुर्घटना भए आयोग बनाउँछ । त्यो आयोगले प्रतिवेदन पनि बुझाउँछ, तर आयोगले दिएको सुझाव-सिफारिस कार्यान्वयनमा रुची हुन्न । त्यसैले आइकाओले पटके आयोग होइन, दुर्घटना जाँचमा स्थायी संयन्त्र हुनुपर्नेमा जोड दिएको छ । विज्ञ सम्मिलित त्यस्ता आयोगले जहाज दुर्घटना भएमा निष्पक्ष छानबिन गरी कारवाहीको सिफारिस गर्न सक्छ । तर सरकारले भने यसमा चासो देखाएको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# ५१औं दिनको संघारमा 'परदेशी २', ८ करोड हाराहारी कमाई

काठमाडौं/यस वर्षको बैशाख १ गतेदेखि प्रदर्शित फिल्म 'जारी'पछि हलमा ५१औं दिने यात्रा तय गर्ने फिल्मको सूचीमा अब 'परदेशी २' पनि अटाउने भएको छ । फिल्मले यही शनिबार आधा दर्जन बढी हलमा ५१औं दिने दुर्लभ रेकर्ड बनाउन लागेको हो । काठमाडौंमा अष्टनारायण र गोपीकृष्ण हलमा प्रदर्शनरत यो फिल्म बिहीबार सम्म आइएनआई सिनेमाजको नयाँ बानेश्वरमा पनि टिकेको थियो ।




त्यस्तै, उपत्यकाबाहिर बुटवलको मिलन सिनेमा हल, दाङको श्री गणेश सिनेमा हल र भिएफएक्स सिनेमाज, कावासोतीमा रहेको कावासोती सिनेम्याक्स, नेपालगञ्जमा रहेको सिने रोयल, पोखराको श्रीकृष्ण हलमा पनि फिल्म प्रदर्शनरत रहेको निर्माता राजेश वंशलले जानकारी दिएका छन् । फिल्मले अहिलेसम्म घरेलू बक्स अफिसमा ८ करोड हाराहारीको कमाई गरेको उनको दाबी छ ।

नेपालमा फिल्मले ५१औं दिन मनाउन लागिरहँदा विदेश प्रदर्शन पनि सुरु भएको छ । यूएई, बहराइन, कतार, इराक, ओमानसँगै माल्टा आदि देशमा फिल्म प्रदर्शनमा आइसकेको छ भने कुवेत, फिनल्याण्ड, स्पेन, जापान, अस्ट्रेलिया, यूके, हङकङ, क्यानडा, न्यूजल्याण्ड, भारत लगायतका देशहरुमा केही दिनमा प्रदर्शन हुँदैछ । अमेरिकाका विभिन्न सहरहरुमा भने प्रदर्शन भइरहेको छ ।

नारायण रायमाझीको निर्देशनमा बनेको फिल्ममा प्रकाश सपूत, नीर शाह, रमा थपलिया, दीलिप रायमाझी प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा सिवाकोटी, सबिन बास्तोला, देबेन्द्र बब्लु लगायतको अभिनय रहेको छ । युवापुस्तामा रहेको विदेश मोह र त्यसले परिवारसँगै नेपाली समाजमा पारिरहेको प्रभावको कथामा बनेको फिल्मलाई समीक्षा खराब र दर्शक प्रतिक्रिया मिश्रित मिलेको छ ।

# विपिन र वर्षाको जोडी : सहकार्य निरन्तर तर किन हुन्न चर्चा ?

काठमाडौं/नेपाली फिल्ममा बेला बखतमा केही जोडी दर्शकको 'प्रिय' बन्ने गरेका छन् । कुनै बेला राजेश हमाल र करिश्मा मानन्धरको जोडी सर्वाधिक हिट मानिन्थ्यो । अघिल्लो वर्ष फिल्म 'कबड्डी ४'पछि दयाहाङ राई र मिरुना मगरको जोडी अहिले 'हाई डिमाण्ड'मा छ । पर्दामा रुचाइएको जोडी लिँदा फिल्म चलाउन धेरै सहज हुन्छ भन्ने विश्वासले मेकरहरुले पनि एउटै जोडी दोहोऱ्याउने गरेका छन् ।



अभिनेता विपिन कार्की र अभिनेत्री वर्षा राउतको जोडीलाई पनि थोरबहुत रुचाइएकै मानिन्छ । यद्यपि, उनीहरु फिल्ममा जोडीको रुपमा स्थापित हुन भने कहीँ न कहीँ चुकिरहेका छन् । यो कुरा उनीहरु आफैं पनि स्वीकार गर्ने गर्छन् । तर पनि दुवैको सहकार्य टुटेको छैन । 'जात्रा', 'गोपी', 'जात्रै जात्रा', 'के घर के डेरा' हुँदै अहिले 'महाजात्रा'सम्म उनीहरुको सहकार्यले निरन्तरता पाएको छ ।

अब शंकर घिमिरेको निर्देशनमा बन्न लागेको फिल्म 'तेल भिसा'मा विपिन र वर्षाको जोडी बाँधिँदैछ । यो उनीहरुको छैटौं सहकार्य हुनेछ । विपिन अनुबन्ध भएको केही महिनापछि फिल्ममा वर्षा भित्रिएकी हुन् । सोचनीय पक्ष के छ भने विपिन र वर्षाले एकसाथ काम गरेका फिल्म सफल हुँदा पनि जोडीको चर्चा हुँदैन । 'जात्रा' सिरिजमा उनीहरुको केमेस्ट्री जमेको थियो । तैपनि चर्चा भएन ।

अब यो जोडीको आशा भनेको 'महाजात्रा' हो । 'जात्रा'को तेस्रो सिक्वेल भएकाले विपिन र वर्षा श्रीमान्-श्रीमतीको भूमिकामा छन् । फिल्म हिट हुने सम्भावना प्रवल छ । र, यसपटक जोडी पनि स्थापित हुनेमा उनीहरु विश्वस्त छन् । फिल्मसँगै जोडी पनि हिट हुन सकेको अवस्थामा विपिन र वर्षाको करिअरका लागि राम्रै हुनेछ । तर, ४ वटा फिल्मसम्म पनि चर्चा नहुनु चाहिँ आश्चर्यजनक हो ।

# उपसचिव र अधिकृतलाई चोर बाटोबाट इन्धन सुविधा

काठमाडौं/सरकारी नियम अनुसार गाडी सुविधा नपाउने कर्मचारीले पनि चोर बाटोबाट इन्धन सुविधा लिइरहेको पाइएको छ । अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ अनुसार सचिव र सहसचिव स्तरका कर्मचारीले मात्र गाडी सुविधा पाउँछन् ।

हालै सरकारले कर्मचारीलाई इन्धनबापत नगद सुविधा दिने निर्देशिका जारी गरेपछि पनि सरकारी निकायहरुले उपसचिव र अधिकृतको गाडी सुविधा खोसेनन् । बरु उनीहरुलाई चोर बाटोबाट इन्धन सुविधा दिइरहेका छन् ।

अर्थ मन्त्रालयमा सरकारी नियम अनुसार गाडी सुविधा पाउने जम्मा ११ जना छन् । तर ८० वटा सरकारी गाडी प्रयोगमा छन् । मन्त्रालययका अधिकारीहरुका अनुसार अर्थमा सचिव र सहसचिव बाहेक अन्य कर्मचारीले पनि अनधिकृत रुपमा गाडी सुविधा लिइरहेका छन् । अधिकारीहरुका अनुसार सिंहदरबार भित्रै मात्रै करिब ३०० वटा गाडी उपसचिव र अधिकृतहरुले नै चढ्न प्रयोग भइरहेको छ । र ती गाडीमा इन्धन पनि राज्यकोषबाटै भरिएको छ ।

'कात्तिक महिनासम्म त तेलको कुपन नै जारी गरिरहेका थियौं, तर मंसिरबाट राष्ट्रिय सतर्कता केन्द्रले निर्देशिका कार्यान्वयनबारे सोधपुछ थालेपछि समस्या भयो', एक मन्त्रालयका प्रशासन हेर्ने सहसचिवले भने, 'मंसिरदेखि उपसचिव र अधिकृतका लागि कुपन दिन बन्द गरेका छौं, तर तेल बन्द गरेका छैनौं ।'

गत आर्थिक वर्षसम्म सरकारले इन्धन सुविधा पाउने कर्मचारीका लागि तेलको कुपन दिँदै आएको थियो । तर चालु आर्थिक वर्षको बजेटमा अर्थमन्त्री डा. प्रकाशशरण महतले इन्धन सुविधा पाउने कर्मचारीलाई इन्धनको कुपनको सट्टा नगद नै दिने घोषणा गरेका थिए । सो घोषणा अनुसार असोज अन्तिम साता इन्धनबापत नगद सुविधा सम्बन्धी निर्देशिका जारी भएपछि हाल इन्धनको कुपन जारी हुँदैन ।

उपसचिव र अधिकृतले तेलको कुपन पाउन छाडे पनि उनीहरु चढ्ने गाडीले तेल भने पाइरहेका छन् । सरकारी कार्यालयहरुले उपसचिव र अधिकृत चढ्ने गाडीहरुलाई 'पुल'मा इन्धन सुविधा दिने गरेको पाइएको छ । भैपरी आउँदा प्रयोग गर्ने प्रयोजनका लागि 'पुल'मा गाडी राख्ने गरिएपनि अब नियमित चल्ने गाडीहरु नै पुलमा राखेर खर्च गर्न थालिएको छ । त्यस्ता गाडीलाई 'पुल' अन्तर्गतको इन्धन सुविधा दिन कानुनी रुपमा बाधा पर्ने अवस्था छैन ।

'उपसचिव र अधिकृतलाई इन्धन सुविधा पो दिन मिल्दैन, उनीहरु चढ्ने गाडीलाई तेल दिन रोक्ने खालको व्यवस्था छैन', ती सहसचिवले भने, 'अब अत्यावश्यकीय प्रयोजनका खर्च शीर्षकहरुबाट ती गाडीमा तेल भरिदिन थालेका छौं ।'

राष्ट्रिय सतर्कता केन्द्रका अनुसार गाडी सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद सुविधा दिने निर्देशिकाको कार्यान्वयन अनस्थाबारे सरकारी कार्यालयहरुसँग जानकारी मागिएको छ । अधिकांश कार्यालयहरुले पुरानै शैलीबाट तेलको कुपन नै जारी गरिरहेको पाइएको केन्द्रका एक अधिकारीले बताए ।

'रोचक त के छ भने कतिपय मन्त्रालयमा इन्धन सुविधाबापत सहसचिवहरुले अझै नगद र तेलको कुपन दुबै बुझिरहेको भेटिएको छ', सतर्कता केन्द्रका एक अधिकारीले भने, 'उपसचिव र अधिकृतलाई त सबैजसो मन्त्रालयले पुरानै प्रथाबाट तेल दिइरहेका रहेछन् ।'

सतर्ककता केन्द्रले चासो देखाएपछि भने मन्त्रालयसहित सरकारी निकायहरुले कार्यालय प्रयोजन देखाएर आफैंले उपसचिव र अधिकृतका गाडीमा तेल भरिदिन थालेका हुन् ।

नियम विपरीत गाडी सुविधा पाइरहेका कर्मचारीको दबाबका कारण चालु खर्च घटाउन ल्याइएको नियमले उद्देश्यअनुसार काम नगर्ने देखिएको मन्त्रालयका अधिकारीहरु स्वीकार्छन् ।

'पाइरहेको सुविधा खोसियो भने कर्मचारीहरुमा नैराश्यता जाग्ने देखियो, दैनिक कार्य गर्न र सेवाप्रवाहलाई चुस्त गर्न व्यवहारिक रुपमा पनि सुविधा खोस्न सक्ने अवस्था देखिएन', एक सचिवले भने, 'के गर्दा उनीहरुले गाडी सुविधा पाइरन्छन्, त्यहीअनुसार मिलाएर गर्न प्रशासनलाई भनेको छु ।'

अझ उपसचिवका गाडी खोस्दा मन्त्रालयका गाडी प्रयोगविहीन हुने र नचलाई राख्दा मर्मत खर्च थप बढ्ने भएकाले कसैको सुविधा फिर्ता नलिएको ती सचिवले बताए ।

'प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयदेखि अर्थ मन्त्रालयसम्मले मिलाएरै यस्तो सुविधा दिइरहेको छ भने हामी अरु मन्त्रालयले खोस्नुपर्ने अवस्था देखिएन', उनले भने, 'तेलको खर्च कुन शीर्षकबाट कसरी व्यवस्थापन गर्ने भन्ने कुरा मिलाउन सकिने कुरा हो ।'

अर्थ मन्त्रालयका सहसचिव तथा प्रवक्ता धनिराम शर्मा मन्त्रालयबाट जारी भएको इन्धनबापत नगद सुविधासम्बन्धी निर्देशिका कार्यान्वयन भइसकेको दाबी गर्छन् । सुविधा नपाउने कर्मचारीहरुले प्रयोग गरिरहेको गाडीाक सम्बन्धमा केही अन्योल भएको भन्दै उनले स्पष्टतासहित अर्को निर्देशिका पनि ल्याउने तयारी भइरहेको बताए ।

'कार्यालय प्रयोजनका लागि गाडी चाहिन्छन्, त्यसका लागि गाडीहरु पुलमा राख्नुपर्छ', उनले भने, 'कतिसम्म सवारी पुलमा राख्ने र त्यसलाई कसरी इनधन सुविधा दिने भन्नेबारे अध्ययन भइरहेको छ ।'

त्यसका लागि समग्र सरकारी सवारी व्यवस्थापनबारे अध्ययन भइरहेको र त्यसकै आधारमा सुविधा पाउने कर्मचारीबाहेकले प्रयोग गर्ने सवारी व्यवस्थापनबारे पनि निर्णय लिइने उनको भनाइ छ । 'कार्यालयका विभिन्न कामको सिलसिलामा प्रयोग गर्नुपर्ने गाडीहरु कसरी व्यवस्थित ढंगले चलाउन दिने भन्नेबारे छुट्टै नियम नै बनाउँछौं', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# कृषि पेशामा महिला धेरै, जमिनको मालिकमा पुरुष

काठमाडौं/नेपालमा कृषि क्षेत्रमा काम गर्ने महिलाको संख्या पुरुषको तुलनामा धेरै देखिएको छ । तर जमिनको स्वामित्वमा पुरुषहरुको बर्चस्व रहेको बिहीबार राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको कृषि गणना २०७८ अन्तर्गतको कृषि जग्गामा महिला र पुरुषको कानुनी स्वामित्व सम्बन्धी विवरणमा उल्लेख छ ।

नेपालमा सक्रिय रुपमा कृषिमा कुल एक करोड ३२ लाख ११ हजार ३४९ जनसंख्या संलग्न छ । त्यसमध्ये ६८ लाख ६३ हजार ४१२ जना महिलाहरु कृषि पेशामा संलग्न रहेको कार्यालयको तथ्यांक छ । यो कृषि पेशामा आवद्ध कुल जनसंख्याको ५२ प्रतिशत हो । त्यस्तै, कृषिमा सक्रिय सहभागी पुरुषको संख्या ६३ लाख ४७ हजार ९३६ जना छ, यो ४८ प्रतिशत मात्रै हो ।

तर, जमिनको स्वामित्वको हिसाबले भने महिलाहरु पछाडि रहेको तथ्य पनि सार्वजनिक भएको छ । नेपालको जनसंख्यामध्ये ४१ लाख ५४ हजार ३४३ जनाको नाममा महिला वा पुरुष छुट्टिने हिसाबले जमिनको स्वामित्व छ । तर, यसमध्ये ६५.५६ प्रतिशत हिस्सा पुरुषको छ भने ३४.४ प्रतिशत हिस्सा मात्रै महिलाको छ ।

विवरणअनुसार २७ लाख २३ हजार ६२५ जना पुरुषसंग खेतीयोग्य जमिनको कानुनी हक वा स्वमित्व हुने लालपुर्जा छ । यसैगरी १४ लाख ३० हजार ७ सय १९ जना महिलासँग जमिनको स्वामित्व भएको लालपूर्जा रहेको देखिन्छ । बाँकी स्वामित्व भने कि त संयुक्त रुपमा वा अन्य प्रकारको रहेको कार्यालयले जनाएको छ ।

कृषि पेशमा आबद्ध कुल महिलाको तुलनामा जग्गाको स्वामित्व भएका महिलाको हिस्सा २० दशमलव ८ प्रतिशत मात्रै छ, जबकि पुरुषहरुमा त्यस्तो हिस्सा ४२.९ प्रतिशत छ ।

पहिलो पटक भएको गणनाको तथ्याङ्कले खेतिपातीमा महिलाको सहभागिता धेरै रहे पनि जमिनमाथिको उनीहरुको स्वमित्वमा भने कमजोर पहुँच रहेको देखिएको छ । सार्वजनिक भएको तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा कृषियोग्य जमिनमा कुल जनसंख्याको हिस्सामध्ये महिलाको नाममा जमिनको स्वमित्व सबैभन्दा धेरै छ । यो प्रदेशमा जग्गाधनी महिलाको हिस्सा ३८.५ प्रतिशत छ ।

यस्तै सबै भन्दा कम मात्रामा जग्गामा महिलाको स्वमित्व रहेको प्रदेश कर्णाली हो । यो प्रदेशमा २८.७ प्रतिशत मात्रै महिलाहरु खेतियोग्य जमिनको लालपुर्जा माथिको पहुँचमा छन् ।

जमिनमा स्वमित्व रहने महिलाको हिस्सा धेरै रहेको दोस्रो प्रदेश कोशी हो । सो प्रदेशमा ३७.२ प्रतिशत महिलाको जमिनमा एकल स्वमित्व छ ।

यस्तै, मधेशमा ३५.८ प्रतिशत, लुम्बिनीमा ३४.४ प्रतिशत र केन्द्रीय राजधानी रहेको बागमती प्रदेशमा ३१.५ प्रतिशत महिलाले मात्रै जग्गाको एकल स्वमित्व पाएका छन् । सुदूरपश्चिम प्रदेशका महिलाहरुको जग्गा माथिको एकल स्वामित्व ३०.६ प्रतिशत मात्रै छ ।

तथ्याङ्क कार्यालयका अनुसार नेपालमा कृषि जग्गामा स्वमित्व वा हक सुरक्षित हुने वयस्क (१८ वर्ष नाघेका) कृषि जनसंख्या ३१.४ प्रतिशत रहेको छ ।

# 'दयारानी' पनि सेभेन सिजको पोल्टामा

काठमाडौं/नेपाली फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार खरिदमा यतिबेला कुनै कम्पनीको हालिमुहाली छ भने त्यो सेभेन सिज इन्टरटेनमेन्ट हो । ठूला स्टार र प्रतिष्ठित ब्यानरका फिल्महरु आफ्नो पोल्टामा पार्दै आएको यो कम्पनीले अब 'कबड्डी' निर्माण कम्पनी बाँसुरी फिल्मस्को नयाँ फिल्म 'दयारानी'को पनि अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार लिएको छ । बुधबार दुई कम्पनीबीच सम्झौता भएको हो ।



फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकारको खरिद मूल्य खुलाइएको छैन । तर, ६० लाख हाराहारीमा बिक्री भएको जानकारी प्राप्त छ । माओत्से गुरुङको निर्देशन रहेको फिल्ममा अभिनेता दयाहाङ राई र अभिनेत्री दीया पुनको मुख्य भूमिका छ । आगामी माघ २६ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा विजय बराल, प्रमिसा गुरुङ, पुस्कर गुरुङ, टिकाराम घले लगायतको पनि अभिनय छ ।

बाँसुरी फिल्मस् र माओत्से फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मले खराब श्रीमान र दयालु श्रीमतीबीचको कथा भन्नेछ ।

गुरुङ समुदायमा दयालु यूवतीलाई 'दयारानी' भन्ने गरिन्छ । मोहन गुरुङ, किरण गुरुङ, केन्द्र लिम्बु र न्यू आइटी भेन्चरको सहकार्यमा निर्माण भएको 'दयारानी'का कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् । फिल्मलाई टिफलक फिल्मस्ले वितरण गर्नेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**हेटौंडा उपमहानगरपालिका**
**१० नं वडा कार्यालयको सूचना**

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
**१० नं. वडा कार्यालय परिवार**

# नेपाली कांग्रेस बागमती प्रदेशको सम्मेलन तय

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिले आगामी पुस ७ गते बागमती प्रदेशको पहिलो सम्मेलन काठमाडौंमा गर्ने भएको छ । प्रदेश कार्यसमिति गठनपछि पहिलोपटक बागमती प्रदेशको सम्मेलन गर्ने भएको हो ।



कांग्रेस बागमती प्रदेशको सम्पर्क कार्यालय काठमाडौंमा विहिबार बसेको कार्यसम्पादन समितिको बैठकले पुस ७ गते बागमती प्रदेशको पहिलो सम्मेलन गर्ने निर्णय भएको नेपाली कांग्रेस बागमती प्रदेशका प्रवक्ता तिलक रुवालीले जानकारी दिए । कार्यसम्पादन समितिको बैठकले सम्मेलन तयारीका लागि विभिन्न समितिहरु गठन गरिएको छ । प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको संयोजकत्व तथा सबै पदाधिकारी सदस्य रहेको मूल आयोजक समिति गठन गरेको छ ।

त्यस्तै राजनीतिक प्रस्ताव तयारी उपसमिति संयोजक उपसभापति चन्द्र महर्जन, आर्थिक व्यवस्थापन उपसमिति संयोजक उपसभापति मोहन बस्नेत, सांगठनिक प्रस्ताव तयारी उपसमिति संयोजक महामन्त्री कन्चनचन्द्र वादे तथा सहयोजक सहमहामन्त्री ऋषिराम घिमिरे र आगामी वर्षको कार्यक्रम (क्यालेण्डर) तयारी उपसमिति संयोजक महामन्त्री राजु श्रेष्ठ तथा सहमहामन्त्री जीवन डंगोललाई तोकिएको छ ।

त्यसैगरी कार्यसम्पादन बैठकले आर्थिक प्रतिवेदन तयारी उपसमितिमा कोषाध्यक्ष दीर्घमान श्रेष्ठ, सम्मान उपसमिति सहमहामन्त्री ऋषिराम घिमिरे, खाना व्यवस्थापन उपसमिति सहमहामन्त्री हरिशरण श्रेष्ठ, स्वागत उपसमिति सहमहामन्त्री जीवन डंगोल, प्रचारप्रसार उपसमिति प्रवक्ता तिलक रुवाली, शुभकामना प्रायोजन तथा रजिष्ट्रेशन उपसमिति नीमा लामा, निमन्त्रणा उपसमिति दीपेन्द्र आचार्य, कार्यपछिको प्रतिवेदन तयारी उपसमितिमा उज्जवलराम घिमिरे, हल, मञ्च, स्वागत गेट र व्यवस्थापन उपसमितिमा कोकी अस्तानी मगर, स्वास्थ्यशिविर डा. अमितसिंह कार्की, सांस्कृतिक कार्यक्रम धनकुमारी थापा सरु, स्वयमसेवक परिचालन प्रज्वल दवाडी र रक्तदान कार्यक्रम संयोजकमा कुमार दुलाललाई तोकेको र संयोजकहरुले आवश्यक्ता अनुसार प्रदेश कार्यालयमा जानकारी दिई सदस्यहरु थप्न सक्ने प्रवक्ता रुवालीले जानकारी दिएका छन् ।

प्रवक्ता रुवालीका अनुसार काठमाडौंमा हुने पहिलो सम्मेलनमा नेपाली कांग्रेसका केन्द्रीय सभापति शेरबहादुर देउवाको प्रमुख आतिथ्यता तथा केन्द्रीय पदाधिकारीहरु र सातै प्रदेशका प्रदेश सभापतिहरुको समुपस्थितिमा सम्मेलन हुने तयारी भएको छ ।

# राक्सिराङमा ‘चेपाङलाई बिजुली कार्यक्रम’ सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले ‘चेपाङलाई बिजुली कार्यक्रम’ अभियान सुरु गरेको छ । अहिले गाउँपालिकाको सबै वडामा विद्युत् सेवा पुऱ्याउने गरी काम भइरहेको छ ।

राक्सिराङको खैराङ, काँकडा, दाम्राङलगायतका क्षेत्रमा विद्युत् सेवा पुग्न बाँकी छ । खैराङ, काँकडालगायत विद्युत् नपुगेको स्थानमा अहिले दैनिक करिब दुई सय मजदुरले पोल गाड्ने, तार तान्नेलगायतका काम गरिरहेको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए ।

विद्युत् विस्तार गर्ने क्रममा वडा नं ९ को खैराङ र ७ को धिराङ, दाम्राङलगायतका क्षेत्रमा यसै आर्थिक वर्षभित्र बत्ती बाल्ने गरी धमाधम काम भइरहेको उनले बताए । ३१ करोड रुपैयाँको बजेटमा नरेन्द्र इलेक्ट्रोनिक कम्पनी काठमाडौंले काम गरिरहेको र विद्युतको कामका लागि स्थानीयस्तरबाट सहयोग भइरहेको उनले बताए । ‘मजदुर सँगै स्थानीयले काम गरिरहेका छन्, विद्युत् नपुगेको ठाउँमा पुऱ्याउने र काठेपोल विस्थापित गर्ने अभियानमा लागेका छौं’, अध्यक्ष मल्लले बताए ।

सहजरुपमा विद्युत् उपलब्ध भएपछि पर्यटन उद्योग र कृषिलाई पनि यहाँ सहज हुने छ । यस क्षेत्रमा सामूहिक कार्यका लागि सामुदायिक भवन बनाउने, गलैंचा उद्योग खोल्नेलगायतका योजना अघि बढेको अध्यक्ष मल्लले बताए । विद्युत् उपलब्ध भएपश्चात घरैबाट गलैंचाको काम गर्न सकिने उनले बताए । आगामी वैशाख महिनासम्म यस क्षेत्रमा विद्युतबाट बत्ती बाल्ने योजना रहेको र सँगसँगै बाटो सफा गर्ने अभियान पनि सञ्चालन भइरहेको जनाइएको छ । राक्सिराङ भौगोलिकरुपमा विकट रहेको गाउँपालिका हो ।

# हिंसाजन्य गतिविधि रोक्न प्रहरी संधै तयारी: डिआइजी राणा

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको आयोजनामा लैंगिकहिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तरगत बिहिबार एक दिवासीय छलफल तथा अन्तरक्रिया भएको छ ।



प्रहरी नायबमहानिरीक्षक किरण राणाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा डिआइजी राणाले लैङ्गिकहिंसा विरुद्ध सुरक्षा निकायबाट भए गरेका क्रियाकलापको बारेमा जानकारी गराइएको थियो । उनले हिंसाजन्य गतिबिधि रोक्न प्रहरी सदैव लागीपरेको बताउँदै एकीकृत सेवाका बारेमा, लैंगिकहिंसा पीडितलाई आश्रय दिने, घाइते भए उपचार गर्ने, सामाजिक मनोविमर्श दिने, कानूनी सल्लाह उपलब्ध गराउने र पुनर्स्थापनाको लागि पहल गर्ने कार्य प्रदेश प्रहरी कार्यालयबाट गरिरहेको बताइन् ।

उनले मातहतका १० जिल्लामा लैंगिक तथा घरेलुहिंसासँग सम्बन्धित अपराधको अनुसन्धान गर्नका लागि अपराध अनुसन्धान शाखा र महिला तथा बालबालिका सेवाकेन्द्रको स्थापना गरी तालिम प्राप्त जनशक्ति परिचालन गरिएको प्रहरी कर्मचारीलाई मानववेचविखन, महिलाहिंसा, घरेलुहिंसा, लैंगिकहिंसा, मानवअधिकार उल्लंघनलगायतका बिषयमा तालिमको लागि तालिमप्रदायक निकायसँग समन्वय गरी तालिम प्रदान गरिदै आएको बताइन् । प्रहरीद्वारा सञ्चालित कार्यक्रममा सक्रिय सहभागिता समन्वय र सहकार्य, पीडितलाई परामर्श र सहयोग प्रदान, पीडितको उद्दार तथा पुनर्स्थापनामा सहयोगका लागि नागरिक समाजबाट पनि अपेक्षा रहेको बताइन् ।

‘लैंगिकहिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता’ भन्ने नाराका साथ यो वर्ष अभियानका साथ थालनी गरिएको लैंगिकहिंसाबिरुद्धको १६ दिने अभियानअन्तरगत भएको अन्तरक्रियामा प्रहरी बरिष्ठउपरीक्षक दीपक रेग्मीले लैंगिकहिंसा विरुद्धको १६ दिने अभियानको पृष्ठभूमि, लैंगिक, घरेलुहिंसाको परिचय, प्रकार, कारण, कानुनी व्यवस्था र सहायता जस्ता बिषयमा प्रस्तुती दिएका थिए ।

उनले लैंगिकहिंसा तथा घरेलुहिंसाका घटना प्रदेशगतरुपमा डरलाग्दो तथ्यांक रहेकाले यसको समाधानको लागि सबै तहबाट पहल हुनुपर्नेमा जोड दिए । उनले लैंगिकहिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्यसञ्चालन बिधि २०७८ वमोजिम बागमती प्रदेशका १० वटै जिल्लामा जिल्लास्तरिय १०, महानगरपालिकास्तरीय १, नगर पालिकास्तरीय २५, गाउपालिका स्तरीय-६१, वडास्तरीय-७ सय ७५ गरी जम्मा ८ सय ७२ वटा लैंगिकहिंसा नियन्त्रण सञ्जाल समिति गठन गरिएको बताए ।

बागमती प्रदेशका १० जिल्लामा सामुदायिक प्रहरीमार्फत लैंगिक, घरेलुहिंसासँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम दैनिकरुपमा सञ्चालन गरिरहेको समेत बताए । बागमती प्रदेशमा चालु आ.ब. २०८०/८१ मा ४ सय २२ वटा घरेलुहिंसा र ३ सय ६४ लैंगिकहिंसाका घटना भएको बताए । कार्यक्रममा मकवानपुरका महिला संजाल प्रतिनिधि, नागरीक समाजका प्रतिनिधि तथा संचारकर्मीको सहभागिता रहेको थियो । कार्यक्रमलाई प्रहरी नायबउपरीक्षक मधु थापाले सहजीकरण गरेका थिए ।

# मकवानपुरगढीमा जग्गा भाडामा लिएर खेतीगर्ने कृषकलाई काइदा

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ जमिन बाँझो हुन थालेपछि कृषकलाई बाली उत्पादनसँग जोड्ने उद्देश्यले मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले खेतीगर्न कृषकलाई प्रोत्साहन गरेको छ । पालिकाले जमिन भाडामा लिएर खेतीगर्न चाहने कृषकलाई भाडावापतको र कम उपलब्ध गराउने भएको हो ।




पालिकाले पहिलोपटक कृषि विकास कार्यक्रमअन्तर्गत् पालिकाभित्र र बाहिरका जोसुकैले बाली उत्पादन गर्नका लागि जमिन भाडामा लिन चाहेमा भाडा पालिकाले व्यहोर्ने भएको कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । कृषकले खेती गरे पनि कहिलेकाहीँ असिना, पानी र बालीनालीमा लाग्ने रोगका कारण उत्पादन घट्ने र जग्गाको भाडासमेत तिर्न नसक्ने गुनासो आएपछि पालिकाले यो कार्यक्रम ल्याएको उनले बताए ।

पालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा कृषि विकास कार्यक्रमअन्तर्गत् पहिलोपटकमा भाडाबापत ५ लाख रुपैयाँ बराबर भुक्तानी गर्ने उनले बताए । अहिले पालिकाले २ सय ५० रोपनी क्षेत्रफल जमिनलाई यो रकम उपलब्ध गराउने छ । वार्षिक प्रतिरोपनी २ हजार रुपैयाँका दरले भाडाबापतको रकम उपलब्ध गराउने भएको हो ।

भाडामा लिएर खेती गरि रहेका इच्छुक कृषक, कृषक समूह, सहकारी, कृषि फर्म, कम्पनीहरुले पुस ११ गतेसम्म निवेदन दर्ता गर्न पालिकाले सूचना जारी गरेर आग्रह गरेको छ । गाउँपालिकाभित्रका विपन्न, सीमान्तकृत, दलित, जनजाति साथै बेरोजगारको सूचीमा परेकालाई विशेष प्राथमिकता दिइने पालिकाको सूचनामा उल्लेख छ ।

# बागमतीमा समिति सभापतिको टुंगो लगाउन बोलाइयो बैठक



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बागमती प्रदेशसभाका रहेको समितिहरुको सभापति टुंगो लगाउन आगामी १७ मंसिरमा सर्वदलीय बैठक बोलाएका छन् ।

संसदीय समितिको विषय तथा प्रदेशको वर्तमान राजनीतिक अवस्थाबारे छलफलका लागि बैठक हुने भएको हो । प्रदेश सरकारका मन्त्रीहरुसँगको छलफल गरेर मुख्यमन्त्री जम्कट्टेलले सर्वदलीय बैठक राखेका हुन् । मुख्यमन्त्री जम्कट्टेलले बुधबार मन्त्रीहरुसँग नीति तथा कार्यक्रम कार्यान्वयको अवस्था तथा समस्यालगायतबारे छलफल गरे । प्रदेश सरकारका मन्त्रीहरुले अबदेखि हरेक महिना सम्पादन भएका कार्य-प्रगतिका विषयमा मुख्यमन्त्रीलाई ब्रिफिङ गर्ने पनि छलफल भएको जनाइएको छ ।

बागमती प्रदेशसभामा प्रदेश मामिला, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समिति गरी पाँचवटा समिति छन् । समितिको सभापतिमा सबै राजनीतिक दलहरुको आ-आफ्नै दाबी रहँदा सभापति चयनको बिषय नै पेचिलो बन्ने देखिन्छ ।

त्यसोत, प्रदेशमा रहेका सात राजनीतिक दललाई नै भाग पुऱ्याउने उदेश्यले दुईवटा समिति थप्ने तयारीमा मुख्यमन्त्री जम्मट्टेल रहेको समेत चर्चा छ । यद्यपी, हाल यो बिषयको छलफल सुरु नभएको उनको दाबी छ ।

# हेटौंडा इजलाशमा श्रव्यदृश्यको माध्यमबाट सुनुवाई प्रारम्भ

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ उच्चअदालतका हेटौंडा, जुम्ला, महेन्द्रनगर र धनकुटा इजलाशमा बिहीवारदेखि श्रव्यदृश्यको माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको छ ।




सर्वोच्च अदालतमा बिहीवार पत्रकार सम्मेलनको आयोजना गरी चार उच्चअदालतमा श्रव्यदृश्यमार्फत सुनुवाइको प्रारम्भ प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले गरेका हुन् । उच्चअदालत पाटन हटौंडा इजलाशका सूचना अधिकारी केदार नाथ अर्यालले मुद्दाको सुनुवाई प्रारम्भ भएपश्चात बिहीवार हेटौंडा इजलाशमा बहस सुरु भएको जानकारी दिए । चारवटा इजलाशमध्ये बिहीवार हेटौंडा र धनकुटाबाट बहस नै सुरु भएको हो । अन्य दुई इजलाशमा श्रव्यदृश्यको माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ भए पनि बहस सुरु नभइसकेको जनाइएको छ ।

उद्घाटन गर्दै प्रधानन्यायाधीश श्रेष्ठले प्रविधिको माध्यमबाट मुद्दाको सुनुवाइ गर्दा समयको बचत हुने, कम खर्चिलो हुने र आम जनतामा न्यायमा पहुँच पुग्ने उद्देश्यले सेवा प्रारम्भ गरिएको जानकारी दिए । ‘प्रविधिको माध्यमबाट न्यायमा पहुँच पुऱ्याउने कामको सुरुवात गरिरहेका छौं, नेपालको भूधरातलीय स्थितिले गर्दा दुर्गम क्षेत्रमा मानिसलाई एक गाउँबाट अर्को ठाउँमा पुग्न निकै कठिनाइ हुन्छ ।’ प्रधानन्यायाधीश श्रेष्ठले भने, ‘छिटो छरितो, सरल, सुलभ तरिकाले प्रविधिमार्फत नागरिकमा न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले सुरु गरिएको हो, सबै उच्चअदालतमा यो सेवा आगामी दिनमा गरिने तयारी छ ।’,

सर्वोच्च अदालतमा कोभिड-१९ का समयमा श्रव्यदृश्यका माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको थियो । अहिले देशभरको जुनसुकै स्थानबाट पनि कानुन व्यसायीले सर्वोच्च अदालतमा आफ्नो मुद्दामा बहस गर्न सक्ने भएका छन् । त्यस्तै एक वर्षअघि उच्चअदालत दिपायल र इलाममा पनि मुद्दाको सुनुवाइ श्रव्यदृश्यमार्फत बहस सुरु गरिएको थियो । अनलाइनबाट मुद्दाको सुनुवाइ गर्दा कानुन व्यवसायीले आफ्नै ठाउँमा बसेर मुद्दामा बहस गर्न सक्नेछन् । मुद्दाको अनलाइनबाट सुनुवाइ गर्नका लागि एउटा निवेदन दिनुपर्ने छ ।

# मिसन ८४ भन्दै आएका ओली र लामिछानेले गर्न थाले मध्यावधिको चर्चा

काठमाडौं, १४ मंसिर/ केपी ओली र रवि लामिछानेमध्ये कसले पहिला मिसन ८४ शब्दोच्चारण गऱ्यो, ठ्याक्कै थाहा छैन । तर यी दुई नेताबीच पछिल्ला दिनमा अनौठो संयोग भेटिएको छ- मध्यावधि चुनाव चर्चाको ।





संविधानले सजिलै नदिने, अनि जारी सत्ता समीकरण भत्काउन समेत असहज अवस्थामा यी दुवै प्रतिपक्षी नेताले मध्यावधिको कुरा गर्न आ-आफ्ना दलको केन्द्रीय समिति बैठकजस्तो महत्वपूर्ण थलो रोजेका छन् ।

एमाले अध्यक्ष ओलीले अघिल्लो साता पार्टीको छैटौं केन्द्रीय कमिटी बैठकमा बोल्ने क्रममा अकस्मात् मध्यावधि चुनावको प्रसंग निकाल्दा सहभागीहरु छक्क परेका थिए । पार्टी मुख्यालय च्यासलमा ६ मंसिरमा ओलीले भनेका थिए, ‘देशमा जुन खाले राजनीतिक, साँस्कृतिक र आर्थिक विचलन बढ्यो, त्यसलाई हेर्ने हो भने हामी मिसन ८४ भन्दै टुलुटुलु हेर्दै बस्ने कुरा आउँदैन । सत्ता गठबन्धनले यसैगरी असक्षमता देखाउँदै गयो भने हामी मध्यावधि चुनावसम्म जानलाई पनि तयार हुनुपर्ने हुन्छ ।’

ओलीकै लोलीमा बोली मिलाउँदै संसदको चौथो ठूलो दल रास्वपाका सभापति रवि लामिछानेले बुधबार राति महोत्तरीमा मध्यावधि चुनावको प्रसंग कोट्याए । लामिछानेले बैठकमा भनेका थिए, ‘हामीले मिसन ८४ कै तयारी गर्ने हो, तर ठूला भनिने दलहरुभित्र रडाको सुरु भएको छ । यिनीहरुले झगडाका क्रममा आफ्ना दल नै फुटाउन सक्छन् । परिस्थितिले बीचैमा मध्यावधिमा पुऱ्याउन सक्छ, तयार बसौं ।’

लामिछानेले ‘पुराना दलहरुले ८१-८२-८३ साल ठीकै काम देखाउन सके भने आफूहरुलाई प्रतिपक्षमा बस्न अप्ठेरो नहुने दाबी गर्दैरहे पनि बेथिति बढ्दै गए मिसन ८४ को नारा फेरिन सक्ने धारणा राखेका थिए ।

ओली र लामिछाने दुवैले मध्यावधि चुनावमा पुगिने संवैधानिक आधार भने दिन सकेका छैनन् । किनभने संविधानको धारा ७६ (२) अन्तर्गत बनेको प्रचण्ड सरकार कदाचित ढल्ने अवस्था आएमा अर्को सरकार गठनका लागि ७६ (३) विकल्प बाँकी नै रहन्छ, जहाँ राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछन् ।

ती प्रधानमन्त्रीले समेत विश्वासको मत नपाएमा धारा ७६ (५) अन्तर्गत प्रतिनिधिसभाको कुनै पनि सदस्यले विश्वासको मत पाउने आधार देखाएर प्रधानमन्त्री नियुक्त हुन सक्छन् । ती प्रधानमन्त्रीले समेत विश्वास नपाएमा बल्ल देश मध्यावधिमा जान सक्छ ।

एकातिर प्रचण्ड सरकार संकट उन्मुख नबन्दै, अनि हालकै संसदले सरकार दिन सक्ने अरु विकल्प हुँदाहुँदै ओली र लामिछाने किन मध्यावधिको सम्भावना देखिरहेका होलान् ? उनीहरुको बोलीमा एकरुपता आउनु संयोगमात्रै होला कि यसपछाडि कुनै किसिमको गुप्त-कसरत छिपेको छ ?

बैतडीको झुलाघाटबाट ओलीसँगै पश्चिम-पूर्व मध्यपहाड यात्रारत एमाले उपमहासचिव विष्णु रिमालले राजनीतिक संकट बढ्दैजाँदा मध्यावधि चुनाव निकासको विकल्पका रुपमा आउन सक्ने सम्भावनातर्फ आफ्ना अध्यक्षले औंल्याएको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# विराज भट्टले घोषणा गरे ‘१२ गाउँ’, आफैंले निर्देशन गर्ने

काठमाडौं, १४ मंसिर/ फिल्म ‘साङ्लो’ रिलिजको ४ वर्षपछि ‘एक्सन स्टार’ विराज भट्टले नयाँ फिल्मको घोषणा गरेका छन् । बिहीबार फेसबुकमा एक थिम पोस्टर सार्वजनिक गर्दै फिल्म ‘१२ गाउँ’को निर्माण घोषणा गरेका हुन् । पोस्टरको पृष्ठभूमिमा गाउँलाई चित्रित गरिएको छ । विराज स्वयंको निर्देशन रहने फिल्म एक्सन-थ्रिलर कथामा बन्नेछ । विराज भट्ट फिल्म प्रडक्सनको ब्यानरमा फिल्म निर्माण हुनेछ ।




विराजले ‘साङ्लो’लाई पनि आफैंले निर्देशन गरेका थिए । फिल्ममा उनकै मुख्य भूमिका थियो । यही फिल्मबाट उनले ४ वर्षपछि नेपाली फिल्ममा कमब्याक गरेका थिए । त्यसअघि भोजपुरी फिल्ममा उनको व्यस्तता थियो । ‘साङ्लो’ले घरेलू बक्स अफिसमा सन्तोषजनक व्यापार गरेपछि विराजले ‘साङ्लो २’ निर्माणको संकेत गरेका थिए । तर, अब उनले ‘१२ गाउँ’ बनाउन लागेका छन् ।

सन्तोष सरकारको कथा तथा पटकथा रहेको फिल्ममा विराज स्वयं मुख्य भूमिकामा देखिनेछन् । बाँकी कलाकार र प्राविधिक भने केही दिनमा टुंगो लाग्ने जनाइएको छ । यो फिल्मबाट विराजले आफ्नो जेठा छोरालाई हिरोको रुपमा डेब्यू गराउन लागेको चर्चा छ । यस वर्ष छायांकन गरेर अर्को वर्ष रिलिजको तयारी गरिएको फिल्ममा अहिलेसम्मकै उच्च स्तरीय एक्सन हुने विराजको दाबी छ ।


## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०८०/०८/१२ गते हेटौंडा-४ पारिजातपथस्थित सिटिजन बैंक अगाडि पार्किङ गरि राखिएको अवस्थाबाट दिउँसो ४:५० बजेको समयमा बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** लु ९५ प ५८०१
**मोटरसाइकल धनीको नाम:** होराइजन अटो प्रा.लि./विकास वि.क.
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो रातो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२३
**चेचिस नम्बर:** MD2A13EX4NCM84800
**इन्जिन नम्बर:** DHXCNM39147
**सम्पर्क फोन नम्बर:** ९८६६८७६६१९



## महिला हिंसा रोकौः असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जवर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन् ।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाल लगायतका माध्यमबाट समेत हुन सक्दछ ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं ।

*महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना